सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ जेठ २०८०, शनिबार (20 May 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ३७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

रकम फिर्ता गर्न खाणले शेर्पालाई एक करोड दिएका थिए

शेर्पाले ७० आफैँ राखे, ३० लाख मात्रै सानु भण्डारीका दाइलाई फिर्ता गरे

नवराज मैनाली/नयाँ पत्रिका

नेपालीलाई भुटानी शरणार्थी बनाएर विदेश पठाउने काममा 'सहयोग गर्न' कांग्रेस नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाणले बिचौलियाबाट बुझेको एक करोड फिर्ता दिएको प्रमाण प्रहरीले फेला पारेको छ। पूर्वसांसद आङटावा शेर्पामार्फत उनले सो रकम फिर्ता दिएका थिए। तर, शेर्पाले ३० लाख मात्रै फिर्ता गरेर ७० लाख आफैँ राखेको अनुसन्धानबाट खुलेको छ।

रामेछापका कांग्रेस नेता शेर्पाले चैतको तेस्रो साता अहिले हिरासतमा रहेका बिचौलिया सानु भण्डारीका दाइ राजु भण्डारीलाई ३० लाख फिर्ता गरेका थिए। त्यसको व्यक्तिगत भर्पाई नै प्रहरीले बरामद गरेको छ। राजुले पनि त्यसलाई प्रमाणित गरिदिएको स्रोत बताउँछ। 'पक्राउ परेका बिचौलियाले आफ्नो नाम पोलेपछि उनीहरूलाई फकाउन बालकृष्ण खाणले शेर्पालाई खटाएको पुष्टि भएको छ,' अनुसन्धानमा आबद्ध एक प्रहरी अधिकारीले भने, 'पैसा फिर्ता नै गरेको प्रमाणित भएपछि उहाँविरुद्ध थप बलियो प्रमाण भएको छ, बढी बाठो हुँदा यो मुद्दामा उहाँ झन् फस्नुभयो।'





शेर्पाले खाणका पिए नरेन्द्र केसीमार्फत एक करोड लिएका थिए। आफूले पनि

» पृष्ठ २ मा क्रमशः

■ बयान सकिएन, आइतबार मात्रै प्रहरीले प्रतिवेदन बुझाउने

राज्य संयन्त्रकै मिलेमतोमा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर विदेश लैजाने भन्दै भएको संगठित ठगी मुद्दाको अनुसन्धान प्रहरीले आइतबार टुंग्याउने भएको छ। शुक्रबार बयान नै नसकिएपछि अनुसन्धान लम्बिएको हो।

१६ जना पक्राउ परेकोमा दुईजनाको बयान नै हुन सकेको छैन। बिहीबार पक्राउ परेका भुटानी शरणार्थी नेता टेकनाथ रिजाल र गृह मन्त्रालयअन्तर्गतको हज समितिका अध्यक्ष शमशेर मियाँको शुक्रबार बयान भएन। उनीहरूको शनिबार बयान गर्न लागिएको छ। '३ बजेसम्म प्रहरीले बयानका लागि ल्याएन, अब शनिबार बयान गर्ने छलफल भएको छ,' जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेले भने। शनिबार बयान सकेर प्रहरीले आइतबार रायसहितको अनुसन्धान प्रतिवेदन बुझाउने तयारी गरेको छ। संगठित अपराधको ६० दिने हदम्यादअनुसार १० जेठभित्र अभियोगपत्र अदालतमा दर्ता गरिसक्नुपर्ने हुन्छ। तर, समय अपुग हुँदा कतिपय विषयमा अनुसन्धान अधुरै छ।

रास्वपाले गृहमन्त्रीलाई बुझायो भ्रष्टाचारविरुद्धको संकल्प प्रस्ताव

नक्कली शरणार्थी प्रकरणमा निष्पक्ष छानबिनको माग



राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सांसद सुमना श्रेष्ठले संसद्मा दर्ता गरेको भ्रष्टाचारविरुद्धको संकल्प प्रस्ताव गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बुझाइएको छ। सभापति रवि लामिछानेसहितका सांसद शुक्रबार मन्त्रालय पुगेर नक्कली शरणार्थी प्रकरणमा निष्पक्ष छानबिनको माग गरेका छन्। 'हाम्रो पार्टीको एजेन्डा भनेकै भ्रष्टाचारी र बेथितिको अन्त्य हो,' प्रस्ताव बुझाउँदै लामिछानेले भने, 'भ्रष्टाचारको फाइल खोलिनु सुखद हो। अहिले भइरहेको छानबिन निष्पक्ष होस्। यस विषयमा हाम्रो पार्टीले संसद्मा संकल्प प्रस्तावसमेत दर्ता गरिसकेको छ। त्यसमा सहयोग गरिदिनुहुनेछ भन्ने अपेक्षा छ।' जवाफमा गृहमन्त्री श्रेष्ठले छानबिन निष्पक्ष हुनेमा ढुक्क रहन आश्वासन दिए। 'दबाब र प्रभावभन्दा बाहिर आएर मैले काम गर्ने वातावरण सिर्जना गरिसकेको छु,' उनले भने, 'भ्रष्टाचार अन्त्य हुनुपर्छ भन्नेमा म आफैँ प्रस्ट छु। नक्कली शरणार्थी प्रकरणमा निष्पक्ष रूपमा छानबिन अघि बढाएका छौं। यो निष्पक्ष नै हुन्छ। ढुक्क हुनुस्।'

अर्थतन्त्रको संरचनात्मक सुधार सरकारको प्राथमिकतामा

विपन्नलाई निःशुल्क बिजुलीदेखि बन्द उद्योग, कलकारखाना सञ्चालन गर्नेसम्मका कार्यक्रम



सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्न राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गर्दै प्रधानमन्त्री प्रचण्ड। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

मिलन विश्वकर्मा, कमलराज भट्ट

अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्च वृद्धि र गुणस्तरीय पूर्वाधार निर्माण प्रमुख प्राथमिकतासहित सरकारले आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम ल्याएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्मा प्रस्तुत गरेको कार्यक्रममा कृषि, ऊर्जा, पर्यटन, पूर्वाधारलगायतका विषयलाई महत्त्व दिइएको छ।

एक सय ८८ बुँदामा समेटिएको नीति तथा कार्यक्रममा समाजवादउन्मुख अर्थतन्त्र र समावेशी शासन प्रणाली संस्थागत गर्नु सरकारको प्रमुख कार्यभार रहेको उल्लेख छ। करिब पौने दुई घन्टा लामो सम्बोधनमार्फत राष्ट्रपतिले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आकर्षक नारासहितका केही नयाँ योजना तथा कार्यक्रम पनि समेटिएका छन्।

सरकारले उत्पादन र रोजगारी वृद्धि, हरित अर्थतन्त्रको विकास, पर्यावरणीय सन्तुलन, आर्थिक-सामाजिक विभेदको अन्त्य, गरिबी निवारणलाई पनि प्राथमिकतामा राखेको छ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा मानव विकास सूचकांकमा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशलाई विशेष प्राथमिकतामा राखी सोहीअनुसार स्रोत-साधन परिचालन गर्ने उल्लेख छ।

बैठकको सुरुमै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सम्बोधनको प्रति राष्ट्रपतिलाई हस्तान्तरण गरेका थिए। नीति तथा कार्यक्रम सुन्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री प्रचण्ड, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की संसद् भवन गएका थिए। राजनीतिक दलका नेता, संवैधानिक

» पृष्ठ २ मा क्रमशः

हाइलाइट्स

उच्चपदस्थ, जो-कोहीले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरामा ल्याउने

गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति छानबिनको दायरामा ल्याउने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। सरकारी कार्यक्रमको बुँदा १७९ मा भनिएको छ, 'उच्चपदस्थलगायत जो-कोहीले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरामा ल्याइनेछ।' सार्वजनिक खर्चमा मितव्ययिता, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रणका विषय पनि नीति तथा कार्यक्रममा समेटिएका छन्।

- प्रत्येक दुई जिल्लामा एयर एम्बुलेन्स सेवा
- दुई वर्षभित्र सबैको घरमा बिजुली
- वर्षायाममा मासिक ५० युनिट र हिउँदयाममा मासिक ३० युनिटसम्म निःशुल्क विद्युत्
- हरेक स्थानीय तहमा स्मार्ट विद्यालय
- स्वचालित ज्याला प्रणाली लागू गर्ने
- एक टोल, एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्रको नीति
- एनआरएनएलाई पुँजीबजारमा लगानी खुला
- न्यून आय भएका वर्ग र समुदायलाई स्थानीय तहमार्फत लघुबिमा गराउन सहजीकरण
- साना किसानलाई सिँचाइका लागि निःशुल्क वाटरपम्प तथा ट्युबेल
- हेटौंडा कपडा उद्योग, गोरखकाली रबर उद्योग र बुटवल धागो कारखानालाई सञ्चालनमा ल्याइने
- ०८० को दशकलाई नेपाल भ्रमण दशक र सन् २०२५ लाई विशेष पर्यटन वर्ष मनाइने
- काठमाडौं-तराई-मधेस द्रुतमार्ग ०८३ भित्र सम्पन्न गरिने
- राइडर सेवाप्रदायक सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिने
- दोधारा-चाँदनी सुक्खा बन्दरगाह तीन वर्षभित्र
- चार ठूला नदीमा जल यातायात
- आविष्कार कोष स्थापना
- जग्गाको हदबन्दी पुनरावलोकन
- मुटुरोग तथा क्यान्सर निदान गर्न सबै प्रदेशमा 'सुपर स्पेसियालिटी' अस्पताल
- अटिजम रोगको निदान तथा उपचारको व्यवस्था गरिने
- इन्टरनेटमा हुने विज्ञापन करको दायरामा ल्याइने
- एक घन्टाको पैदल दूरीमा एउटा झोलुङे पुल
- ठूला परियोजनाकेन्द्रित अन्तर्राष्ट्रिय सहायता
- जग्गाधनी प्रमाण पुर्जा, बैंक खाता, स्थायी लेखा नम्बर र सवारीचालक अनुमतिपत्र लिँदा राष्ट्रिय परिचयपत्र अनिवार्य
- नयाँ हिमाल आरोहणका लागि खुला गर्ने
- देशभर बिमाको पहुँच विस्तार
- स्वदेशी वस्तुहरू खरिद गर्ने प्रबन्ध मिलाइने
- ज्येष्ठ पत्रकार सम्मान वृत्ति, द्वन्द्वपीडित पत्रकारलाई राहत र पत्रकारको स्वास्थ्य तथा दुर्घटना बिमाको व्यवस्था
- विदेशस्थित कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता सुरु गरिने
- ०८२ सम्म असहाय एवं अलपत्र अवस्थामा रहेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापना गरी सडक मानवमुक्त समाज निर्माण गरिने

दुई वर्षमा पाँच लाखलाई रोजगारी, पर्यटन दशक घोषणा

(समाचार पृष्ठ ७)

बजेट रियालिस्टिक आउने देखिन्छ

● **प्रा.डा. शिवराज अधिकारी**, प्रमुख, केन्द्रीय अर्थशास्त्र विभाग, त्रिभुवन



सरकारले आर्थिक अवस्था सहज छैन भनेको छ। नीति तथा कार्यक्रम ठूला-ठूला घोषणा गर्नेभन्दा पनि अहिलेका मुद्दा सम्बोधन गर्ने प्रयासमा केन्द्रित देखिन्छ। अहिलेको अवस्थामा पुरानै कार्यक्रमलाई निरन्तरता दिनु उचित नै हो। अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्नेतर्फ बढी ध्यान दिएको देखिन्छ। नीति तथा कार्यक्रम हेर्दा आगामी बजेट केही रियालिस्टिक आउने देखिन्छ।

● **प्रकाशशरण महत**, अर्थमन्त्री



कार्यान्वयन सबैभन्दा चुनौती हो। चुनौतीलाई पार गर्ने गरी काम गर्छौं। नयाँ भनेर कुनै आविष्कार गर्ने होइन। मूल कुरा कार्यक्रममा जे कुरा आएका छन्, कार्यान्वयन गर्ने हाम्रो क्षमता बढाउनुपर्छ। इमानदार हुने, रातदिन काम गर्छौं। आएका कुरा पूरा गर्न गम्भीर भएर लाग्छौं।

● **विष्णु पौडेल**, एमाले उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री



परिस्थिति नबुझेको, मुलुकको अहिलेको समस्या नदेखेको र नबुझेको, कुनै समाधान दिन नसक्ने अलमलिएको कर्मकाण्डी नीति तथा कार्यक्रम आएको छ। यति भनिसकेपछि धेरै चर्चा गर्नुपर्ने आवश्यकता छैन।

● **रवि लामिछाने**, रास्वपा



हामीले उठाएको एनआरएनलाई नागरिकतालगायतका विषय समेटिएका छन्। तर, कार्यान्वयन महत्त्वपूर्ण हो। व्यवहारमा कति लागू हुन्छ भन्ने हेर्न बाँकी छ। कार्यान्वयन हुन सकेन, जनजीविकालाई छुन सकेन भने जतिसुकै राम्रो लेखे पनि कागजमै सीमित रहन्छ। कार्यान्वयन सरकारले कसरी गर्छ हामी हेरिरहेका छौं।

● **प्रदीप पौडेल**, कांग्रेस नेता



सुन्दा कर्णप्रिय सुनिन्छ। योभन्दा अघि पनि यस्तै सुनिने गर्थ्यो। कसरी कार्यान्वयन हुन्छ भन्ने प्रस्ट आएको छैन। सैद्धान्तिक पक्षमा सहमत हुन सकिए पनि कार्यान्वयन पक्ष बलियो भएर आएको छैन। कार्यान्वयनमा देखिने नीतिगत समस्या हल गरेर जानुपर्छ।

● **माधव सापकोटा**, माओवादी



नीति तथा कार्यक्रम व्यावहारिक र जनमुखी आएको छ। मूलतः कार्यान्वयनको पक्षमा एकताबद्ध भएर नयाँ इच्छाशक्तिका साथ अगाडि जानुपर्छ। त्यो संकल्प यो सदनले गर्नुपर्छ।

● **ज्ञानबहादुर शाही**, प्रमुख सचेतक, राप्रपा



नीति तथा कार्यक्रम ल्याउनु ठूलो कुरा होइन, तर लागू गर्नु ठूलो कुरो हो। हुबहु फोटोकपीजस्तो ल्याउने चलन कम गर्नुपर्छ।

● **किसान श्रेष्ठ**, एकीकृत समाजवादी



नीति तथा कार्यक्रमले जनतामा केही आशा जगाएको छ। यो आशालाई प्रतिबिम्बित गर्ने गरी बजेट आओस्।

■ प्रधानमन्त्रीको भारत भ्रमणको गृहकार्य

परराष्ट्रमन्त्रीले लिए पूर्वपरराष्ट्रमन्त्रीहरूको सुझाव





परराष्ट्रमन्त्री एनपी साउदले प्रधानमन्त्री प्रचण्डको आसन्न भारत भ्रमणका सन्दर्भमा आवश्यक सुझाव माग्न पूर्वराष्ट्रमन्त्रीहरूसँग मन्त्रालयमा गरे छलफल

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न भारत भ्रमणको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री एनपी साउदले पूर्वपरराष्ट्रमन्त्रीहरूसँग शुक्रबार परामर्श लिएका छन्। बिहीबार पूर्वपरराष्ट्रसचिव र भारतका लागि पूर्वराजदूतहरूसँग सुझाव लिएका परराष्ट्रमन्त्री साउदले प्रधानमन्त्री भ्रमणको मिति र एजेन्डा नबताई पूर्वमन्त्रीहरूसँगको छलफलमा सीधै सुझाव मागेका छन्। बजेटलगत्तै प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण गर्ने तयारी भइरहेको छ।

पूर्वपरराष्ट्रमन्त्रीहरूले प्रधानमन्त्रीको भ्रमण सद्भावनाका

» पृष्ठ २ मा क्रमशः

● **डा. प्रकाशचन्द्र लोहनी**, पूर्वपरराष्ट्रमन्त्री



२५ वर्षदेखि भारतसँग हाम्रो व्यापार घाटा छ। यो घटाउने विषयमा छलफल होस्। सीमामा आउने तरकारीको गुणस्तर जाँच्ने मेसिन राख्ने, दुवै देशले सिँचाइको फाइदा कसरी न्यायोचित रूपमा लिने भन्नेबारे पनि छलफल होस्।

● **सुजाता कोइराला**, पूर्वपरराष्ट्रमन्त्री



परराष्ट्रमन्त्रीले एजेन्डा बताउनुभएन। कहिले जाने पनि भन्नुभएन। हामीले पहिला एजेन्डा प्रस्तुत गर्नुस् अनि छलफल गर्न सकिन्छ, नभए सामान्य सुझाव दिन्छौं भन्यौं, सामान्य सुझाव दिएर फर्कियौं।

● **डा. भेषबहादुर थापा**, पूर्वपरराष्ट्रमन्त्री



इपिजी प्रतिवेदनलाई अघि बढाउन सक्यौं भने मात्रै दुई देशको सम्बन्ध सुधारको पाइला सुरुवात हुनेछ। इपिजी प्रतिवेदनले दुई देशको सम्बन्धलाई सकारात्मक दिशानिर्देश गरेको छ। यसले १९५० देखि हालसम्मको सम्बन्धलाई नयाँ आधारमा पुनरावलोकन गर्न सहयोग पुग्छ।

● **रघुवीर महासेठ**, पूर्वपरराष्ट्रमन्त्री



भ्रमणको एजेन्डा स्पष्ट पार्न आग्रह गर्दैं। नेपाल-भारतबीचको सीमा क्षेत्रको समस्या समाधानको प्रयास गर्न र दुई देशबीच विश्वासपूर्ण सम्बन्ध बनाउन सुझाव दिएँ।

झन् नयाँ

तपाईंको घर कहाँ हो ? VS कहाँ बस्नुहुन्छ ?

● दीपा दाहाल

समाज



यो प्रणाली भनिरहन्छ- स्वास्नी मान्छेका दुइटा घर छन्। दुइटा थर छन्। तर, पितृसत्ताको यो राजनीति बुझ्न सूक्ष्म विश्लेषण आवश्यक पर्छ।

न्युरो सर्जन डा. केआई सिंह केसी

जसले राजधानी छाडेर मोफसल रोजे



जनस्वास्थ्य

● शिवहरि घिमिरे

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ तामझामविना राष्ट्रपतिको सवारी



बानेश्वरस्थित संसद् भवनतर्फ जाँदै राष्ट्रपतिको कारकेड बिजुलीबजारमा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

राजकीय कार्यक्रममा हुने राष्ट्रपतिको सवारीमा सुधार भएको छ। शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल सरकारको नीति तथा कार्यक्रम पढ्न जाँदा विगतमा जस्तो लामो समय सडक खाली गराइएन। राष्ट्रपति पौडेलको इच्छाअनुसार राजकीय कार्यक्रममा पनि उनको सवारी सामान्य मात्र भएको सुरक्षा अधिकारीले जनाएका छन्। लामो समय सडक खाली गरेर राष्ट्रपतिको सवारी हुँदा विगतमा सर्वसाधारणले आक्रोश व्यक्त गर्दै आएका थिए। शुक्रबार राष्ट्रपतिको सवारी हुँदा सडक खाली नै नगराइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एसएसपी राजेन्द्रप्रसाद भट्टले बताए। 'जसरी प्रधानमन्त्रीज्यू सिंहदरबार जाँदाको सवारी हुन्छ, राष्ट्रपतिज्यूको पनि त्यति मात्र हो,' उनले भने, 'राजकीय सवारी भए पनि सडकमा जाम नहुने गरी सामान्य मात्र गर्ने पहिले नै निर्णय भइसकेको थियो।' विगतमा राष्ट्रपतिको सवारीमा १० मिनेटसम्म सडक खाली गराइन्थ्यो। जसका कारण सडकमा सर्वसाधारणले हैरानी भोग्दै आएका थिए। जनताको गुनासोपछि राष्ट्रपति पौडेलले यसमा सुधार गरेका हुन्। बानेश्वरस्थित संसद् भवन छिरेपछि मात्र उनलाई राजकीय सम्मानसहितको सवारीको सम्मान दिइएको छ।

टिआरसी विधेयक प्रक्रियामा, उपसमिति गठन

नयाँ पत्रिका

सरकारले सदनमा प्रस्तुत गरेको बेपत्ता पारिएका व्यक्ति छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक प्रक्रियामा अगाडि बढेको छ। २५ फागुनमा प्रतिनिधिसभामा दर्ता भई १५ वैशाखमा कानुन, न्याय तथा मानव अधिकार समितिमा पठाइएको विधेयक दफावार छलफलको प्रक्रियामा अगाडि बढेको हो।

विधेयकमा दफावार छलफल गर्न कानुन समितिले शुक्रबार ११ सदस्यीय उपसमिति गठन गरेको छ। उपसमितिले पीडित, विज्ञ तथा सरोकारवाला निकायसँग छलफल गरेर तीन साताभित्र प्रतिवेदन बुझाउनुपर्नेछ।

उपसमितिमा सुवासचन्द्र नेम्वाङ, महेश बर्तौला, रमेश लेखक, जीवन परियार, सुशीला थिङ, पूर्णबहादुर घर्ती, सन्तोष परियार, ध्रुवबहादुर प्रधान, रञ्जुकुमारी झा, शेरबहादुर कुँवर र गोमा लाभ सापकोटा सदस्य रहेका छन्।

कानुन समितिका सदस्यहरूले राजनीतीकरण र पार्टीकरणभन्दा माथि उठेर शान्ति प्रक्रियाको बाँकी काम संक्रमणकालीन न्यायको विषय टुंग्याउनुपर्नेमा जोड दिएका थिए। सांसद पुष्पबहादुर शाहले पहिले नै धेरै विषय टुंगो लागिसकेको भन्दै बाँकी रहेका विषय टुंग्याएर अघि बढ्नुपर्ने बताए। सांसद चन्द्रबहादुर विश्वकर्माले पार्टीभन्दा माथि उठेर पीडित र विज्ञको सुझाव तथा अन्तर्राष्ट्रिय अभ्यासका आधारमा टुंग्याउनुपर्ने बताए।

संविधानसभा अध्यक्ष नेम्वाङले संक्रमणकालीन न्यायमा पक्ष विपक्ष नभई सिंगो देश एउटा पक्ष भएर फेरि द्वन्द्व पुनरावृत्ति नहुने गरी छिटो टुंग्याउनुपर्ने बताए। द्वन्द्व नदोहोरिने आधार तयार पार्न सबै एक ठाउँमा उभिएर टुंगोमा पुग्नुपर्ने र शान्ति प्रक्रिया टुंग्याउनुपर्ने उनको भनाइ थियो। 'विधेयकमा धेरै परिमार्जन भएका छन्। धेरै कुरा समेटेर आएको छ। चुनाव गर्नुपर्ने भएकाले त्यतिवेला कानुन बन्न सकेन। अब समय लगाएर टुंग्याउनुपर्छ। शान्ति प्रक्रिया टुंगोमा पुऱ्याउन लाग्नुपर्छ,' उनले भने।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले उपसमितिमा विवादित विषयमा गहन छलफल गरेर विधेयकलाई निष्कर्षमा पुऱ्याउनुपर्ने बताए। 'हामी सबै यसका पक्ष हौं। गहन छलफल गरेर साझा बिन्दुमा पुग्नुपर्छ,' उनले भने। रास्वपा प्रमुख सचेतक सन्तोष परियारले राजनीतिक र कानुनी अप्ठ्यारा पन्छाएर संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई चाँडै टुंगोमा पुऱ्याउन जरुरी रहेको बताए।

अर्थतन्त्रको...

पृष्ठ १ बाट क्रमशः

निकायका प्रमुख एवं प्रतिनिधि, सरकारका उच्चपदस्थ अधिकृत, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा समाजका विभिन्न क्षेत्रका व्यक्तिहरू पनि सहभागी थिए।

सरकारले अन्तर्राष्ट्रिय विकास सहायता परिचालनलाई राष्ट्रिय गौरवका, रणनीतिक, रूपान्तरणकारी र उच्च प्रतिफलयुक्त आयोजनाहरूको सञ्चालनमा केन्द्रित गर्ने भएको छ। सार्वजनिक ऋणको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्न ऋणको आयोजनागत विनियोजन गरिने भएको छ। त्यस्तै, आयोजनाको तयारीका सम्पूर्ण चरण सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गरिने र राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनाको कार्यान्वयनमा प्राथमिकता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ।

सुशासन, प्रशासन, न्यायालय र सञ्चार क्षेत्र

तीन तहबीचको कामको दोहोरोपन अन्त्य गरिने

सरकारले तीनै तहबीच काममा देखिएका दोहोरोपन अन्त्य गर्ने घोषणा गरेको छ। हाल संघ, प्रदेश र स्थानीय तहबीच धेरै काममा दोहोरोपन देखिएकामा त्यसलाई अन्त्य गर्ने घोषणा सरकारले गरेको हो। 'तीन तहका सरकारबीच कार्यात्मक अन्तर्सम्बन्ध सुदृढ गरी काममा रहेको दोहोरोपना अन्त्य गरिनेछ,' नीति तथा कार्यक्रमको बुँदा १२ मा छ।

कार्य विस्तृतीकरण प्रतिवेदनको पुनरावलोकन गर्ने र राष्ट्रिय समन्वय परिषद्लगायत संरचनालाई क्रियाशील बनाइने पनि उक्त बुँदामा उल्लेख छ। राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने कार्यक्रममा तीनै तहका सरकारको अपनत्व कायम गर्ने नीति तथा कार्यक्रममा छ। राष्ट्रिय प्राथमिकताका विषय प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने नीतिगत र कानुनी व्यवस्था गरिने बुँदा १३ मा उल्लेख छ।

प्रशासनिक पुनर्संरचना र सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरिने

प्रशासनिक पुनर्संरचना र सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्ने विषय नीति तथा कार्यक्रममा समेटिएको छ। नीति तथा कार्यक्रमको बुँदा १५८ मा तीन तहका सरकारको प्रशासनिक पुनर्संरचना तथा प्रशासनिक सुधारका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्ने र आयोगले विषयगत तथा क्षेत्रगत रूपमा दिने क्रमिक सुझाव कार्यान्वयन गरिने उल्लेख छ।

विदेशस्थित कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता सुरु गरिने

सबै वडा कार्यालयबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउने नीति तथा कार्यक्रममा छ। विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता कार्य सुरु गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। सामाजिक सुरक्षा भत्तालाई विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्ने विषय पनि नीति तथा कार्यक्रमले समेटेको छ।

नीति तथा कार्यक्रमको बुँदा १६० मा राहदानी, राष्ट्रिय परिचयपत्र र सवारीचालक अनुमतिपत्र तथा वैदेशिक अध्ययनका क्रममा आवश्यक पर्ने नो अब्जेक्सन लेटरलगायत सेवा समयमै सहजताका साथ उपलब्ध गराउने उल्लेख छ।

जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइ केन्द्र र मोबाइल गभर्नेन्स

सबै सरकारी कार्यालयमा सेवा प्रवाहको एकद्वार प्रणाली विकास गर्ने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइ केन्द्र र मोबाइल गभर्नेन्सको व्यवस्था गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। हेलो सरकारलाई थप प्रभावकारी बनाई स्थानीय तहसम्म विस्तार गर्ने तथा सरकारी कार्यालयबाट हुने सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिने विषय पनि समावेश छ।

कार्यसम्पादन मूल्यांकनलाई वस्तुनिष्ठ बनाइने, कामको प्रगतिको मासिक रिपोर्ट कार्ड

कर्मचारीको कार्यसम्पादन मूल्यांकनलाई वस्तुनिष्ठ, वैज्ञानिक र प्रविधिमा आधारित बनाउने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। प्रत्येक महिना प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्री, सचिव र आयोजना प्रमुखहरूको उपस्थितिमा प्रगति समीक्षा गरी मासिक रिपोर्ट कार्ड तयार गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। सार्वजनिक प्रशासन संयन्त्रलाई छिटो-छरितो र नतिजामुखी बनाउँदै काम गर्ने कर्मचारीलाई पुरस्कृत र प्रोत्साहन गरिने पनि उल्लेख छ।

संघीय निजामती सेवा विधेयक संसद्को चालू अधिवेशनमा पेस गरिने

लामो समयदेखि अल्झिरहेको संघीय निजामती सेवा विधेयक संसद्को चालू अधिवेशनमै पेस गर्ने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। हालै सरकारलाई बुझाइएको उच्चस्तरीय तलब सुविधा आयोगले पेस गरेका सुझाव कार्यान्वयन गर्दै लाने प्रतिबद्धता पनि नीति तथा कार्यक्रमले गरेको छ।

सतर्कता केन्द्रलाई क्रियाशील बनाइने, विधेयक यसै अधिवेशनमा पेस गरिने

राष्ट्रिय सतर्कता केन्द्रलाई क्रियाशील बनाउने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। अनियमितता, भ्रष्टाचार, करछली, कृत्रिम अभाव, कालोबजारी, व्यावसायिक एकाधिकारलगायत सुशासनविरोधी क्रियाकलापमा जनताका गुनासोलाई तत्काल र प्रभावकारी रूपमा सम्बोधन गर्न प्रधानमन्त्रीको प्रत्यक्ष सुपरिवेक्षणमा रहेको राष्ट्रिय सतर्कता केन्द्रलाई आवश्यक जनशक्ति र प्रविधि उपलब्ध गराई क्रियाशील तुल्याउने बुँदा १७७ मा छ। राज्यका सबै तह र संरचनामा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई थप कडाइका साथ कार्यान्वयन गर्ने पनि उल्लेख छ। जनगुनासो तथा उजुरी सम्बोधन र अनुगमनका लागि जिल्लादेखि केन्द्रसम्मका सरकारी संयन्त्रको परिचालन गरिने पनि सोही बुँदामा उल्लेख छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र भ्रष्टाचार निवारणसम्बन्धीका विधेयक संसद्को यसै अधिवेशनबाट पारित गर्ने तथा राष्ट्रिय सतर्कता केन्द्रसम्बन्धी विधेयक संसद्को यसै अधिवेशनमा पेस गर्ने उल्लेख छ।

अनलाइन सेवाहरू वडा तहबाट नै उपलब्ध गराइने, विद्युतीय प्रणालीबीच तथ्यांक आदानप्रदान गर्न डेटा एक्सचेन्ज प्लेटफर्म

सरकारी निकायबाट सञ्चालित अनलाइन प्रणालीबीच अन्तरआबद्धता कायम गरी सेवा उपलब्ध गराउने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। अनलाइन सेवाहरू वडा तहबाट नै उपलब्ध गराइने र विद्युतीय प्रणालीबीच तथ्यांक आदानप्रदान गर्न डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

सार्वजनिक निकायका सूचना प्रणालीको नक्सांकन गरी विद्युतीय सुशासन ब्लुप्रिन्ट निर्माण गरिने विषय पनि नीति तथा कार्यक्रमले समेटेको छ। 'सरकारी तथा सार्वजनिक सेवा प्रवाहमा प्रयोग हुने सूचना प्रविधिको नक्सांकन, प्रयोग, गुणस्तर निर्धारण तथा प्राविधिक परीक्षणसम्बन्धी कार्य एकीकृत रूपमा सञ्चानलन गर्ने व्यवस्था मिलाइनेछ,' नीति तथा कार्यक्रममा छ।

उच्चस्तरीय न्याय प्रशासन सुधार आयोग गठन गरिने

न्यायलाई छिटो-छरितो र कम खर्चिलो बनाउन आवश्यक कानुनी एवं संरचनात्मक सुधारका लागि सुझाव दिन न्यायपालिकासँगको समन्वय र सहकार्यमा उच्चस्तरीय न्याय प्रशासन सुधार आयोग गठन गरिने नीति तथा कार्यक्रमको १७४ बुँदामा उल्लेख छ। अनुसन्धान र अभियोजन प्रणालीलाई वस्तुगत र वैज्ञानिक बनाउने, कसुर पीडित तथा साक्षीको प्रभावकारी संरक्षण गर्ने, सरकारी वकिलको व्यावसायिक क्षमता विकास र संस्थागत सुदृढीकरण गर्नेलगायतका विषय नीति तथा कार्यक्रममा समेटिएका छन्।

शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम दुई वर्षभित्र

शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम दुई वर्षभित्र सम्पन्न गर्ने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। जनयुद्ध तथा जनआन्दोलनका घाइते, बेपत्ता परिवार र अपांगता भएकालाई जीवन निर्वाह भत्ता वितरण तथा द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, आर्थिक सहायता उपलब्ध गराइनुका साथै पुनर्स्थापना र परिपूरणको कार्यलाई प्राथमिकता साथ अघि बढाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। मानव अधिकार आयोग, बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको सिफारिसलाई कार्यान्वयन गरिनेलगायत विषय नीति तथा कार्यक्रमा समेटिएका छन्।

देशभरका सरकारी र सार्वजनिक चल-अचल सम्पत्तिको अभिलेख तयार गरिने

देशभरिका सरकारी र सार्वजनिक चल-अचल सम्पत्तिको अभिलेख तयार गरी संरक्षण गर्ने घोषणा नीति तथा कार्यक्रमले गरेको छ। नेपाल ट्रस्टको स्वामित्वमा रहेका सम्पत्तिको बहुआयामिक उपयोग गर्न नीतिगत र कानुनी सुधार गर्ने पनि उल्लेख छ।

हिमाल बचाऔं अभियानको घोषणा

सरकारले हिमाल बचाऔं अभियानको घोषणा गरेको छ। पृथ्वीको तापक्रम वृद्धिदर उच्च रहेको र यसले हिउँ चाँडोचाँडो पग्लिँदा हिमालय क्षेत्र जोखिममा परेका वेला सरकारले नीति तथा कार्यक्रममार्फत हिमाल बचाऔं अभियानको घोषणा गरेको हो। वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन महाशाखाका प्रमुख डा. बुद्धिसागर पौडेलका अनुसार नेपालले अन्तर्राष्ट्रियस्तरमै पर्वतीय मुद्दा उठाइरहेकाले हिमाल जोगाऔं अभियान ल्याइएको हो। 'हाम्रो मुद्दा पर्वतीय हो, नेपालसहितका अतिकम विकसित देशको समूहले 'ग्लास्गो क्लाइमेट फाइनान्स फेसिलिटी अन लस एन्ड ड्यामेज' स्थापित गर्नुपर्ने माग राख्दै आएको छ, यो मुद्दालाई पनि सँगसँगै लग्छौं,' पौडेलले भने। नेपालसहितका अतिकम विकसित मुलुक (एलडिसी) समूहले अनुकूलन र न्यूनीकरण कार्यक्रम सञ्चालनका लागि आर्थिक र प्राविधिक पहुँच सुनिश्चितताको माग राख्दै आएका छन्।

परराष्ट्रमन्त्रीले...

पृष्ठ १ बाट क्रमशः

लागि भए सामान्य तयारी गर्नुपर्ने, तर ठोस एजेन्डासहित भए त्यसबारे जानकारी दिएपछि मात्रै सुझाव दिन सकिने टिप्पणी गरेका थिए। सुरुमा परराष्ट्रमन्त्री साउदले प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका लागि सुझाव दिन बोलाइएको भन्दै विचार प्रस्तुत गरिदिन आग्रह गरेका थिए।

पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनीले प्रधानमन्त्रीको भ्रमण सद्भावना भ्रमण मात्रै हो कि खास विषय पनि टुंग्याउने गरी हुन लागेको हो भनी जिज्ञासा राखेका थिए। उनले सद् भावनाका लागि मात्रै भए विश्वास आर्जन गरेर फर्किन सुझाव दिएको बताए। 'खास विषय छन् भने हामीलाई भन्नुपऱ्यो, त्यसमा हामीले आफ्ना अनुभव बताउँछौं भन्ने कुरा राख्यौं,' लोहनीले भने, 'परराष्ट्रमन्त्रीले एजेन्डाबारे केही भन्नुभएन। हामीले लागेका विषय भनेर फर्कियौं।'

लोहनीले इपिजी प्रतिवेदन बुझ्ने कि नबुझ्नेबारे स्पष्ट रूपमा सोध्न आग्रह गरेका थिए। '२५ वर्षदेखि भारतसँग हाम्रो व्यापार घाटा छ। यो घटाउने विषयमा छलफल गर्नुहोस्। सीमामा आउने तरकारीको गुणस्तर जाँच्ने मेसिन राख्ने, दुवै देशले सिँचाइको फाइदा कसरी न्यायोचित रूपमा लिने भन्नेबारे पनि छलफल गर्नुहोस्,' लोहनीको सुझाव थियो।

पूर्वपरराष्ट्रमन्त्रीहरू लोहनी, सुजाता कोइराला, डा. भेषबहादुर थापा र रघुवीर महासेठ मात्रै छलफलमा सहभागी थिए। विगतमा प्रधानमन्त्री स्वयंले सुझावका लागि बोलाउने गरेकोमा यसपटक परराष्ट्रमन्त्रीको तहबाट बोलाइएको भन्दै कतिपय पूर्वपरराष्ट्रमन्त्री छलफलमा सहभागी भएनन्।

कोइरालाले एजेन्डा नबताइएकाले आफ् नोतर्फबाट सुझाव दिने काम भएको बताइन्। 'हामीलाई उहाँले एजेन्डा बताउनुभएन। प्रधानमन्त्री कहिले जाने पनि भन्नुभएन,' पूर्वपरराष्ट्रमन्त्री कोइरालाले भनिन्, 'हामीले पहिला एजेन्डा प्रस्तुत गर्नुस् अनि छलफल गर्न सकिन्छ, नभए सामान्य सुझाव दिन्छौं भन्यौं, सामान्य सुझाव दिएर फर्कियौं।'

कोइरालाले भारतसँग व्यापार वृद्धिका लागि प्रयास गर्न सुझाव दिएको बताइन्। 'सरकार अब व्यापारिक हिसाबले जानुपर्छ। भारत ठूलो बजार छ। हाम्रो उत्पादन बेच्नुपर्छ। व्यापार जति-जति बढ्छ, हाम्रो सम्बन्ध त्यति राम्रो हुन्छ। यहीअनुसार अघि बढ्नुस्,' कोइरालाको सुझाव थियो।

पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापाले नेपाल र भारत दुवै पक्षले सहीछाप गरेको इपिजी प्रतिवेदनबारे कुराकानी गर्न सुझाव दिए। 'इपिजी प्रतिवेदनलाई अघि बढाउन सक्यौं भने मात्रै दुई देशको सम्बन्ध सुधारको पाइला सुरुवात हुनेछ,' थापाको सुझाव थियो, 'इपिजी प्रतिवेदनले दुई देशको सम्बन्धलाई सकारात्मक दिशानिर्देश गरेको छ। यसले १९५० देखि हालसम्मको सम्बन्धलाई नयाँ आधारमा पुनरावलोकन गर्न सहयोग पुग्छ।'

पूर्वपरराष्ट्रमन्त्री रघुवीर महासेठले दुई देशको सीमा क्षेत्रको समस्या समाधानका लागि प्रयास गर्न सुझाव दिए। उनले पनि भ्रमणको एजेन्डा स्पष्ट पार्न आग्रह गरेका थिए।

रकम फिर्ता गर्न...

पृष्ठ १ बाट क्रमशः

पैसा उठाएर खाणलाई बुझाएको र त्यो पैसा पीडितलाई फिर्ता गर्न भन्दै उनले ७० लाख आफूले नै राखेको उनले प्रहरी सोधपुछमा बताएका छन्। तर, सरकारी वकिल कार्यालयमा गरेको लिखित बयानमा भने लेनदेनका कुरालाई उनले अस्वीकार गरेका छन्। गत १२ चैतमा प्रहरीले सानु भण्डारी, केशव दुलाल र टंक गुरुङलाई पक्राउ गरी अनुसन्धान थालेको थियो। सर्वसाधारणबाट उठाएको पैसा उच्चपदस्थलाई बुझाएको भन्दै उनीहरूले फिर्ता गर्न नसक्ने प्रहरी सोधपुछमा बताएका थिए। आफ्नो समेत संलग्नता खुल्ने संकेत पाएपछि खाणले पैसा फिर्ता गरेर चुप लगाउने रणनीति बनाए।

त्यसका लागि उनले गत १८ चैतमा जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा रहेका बिचौलिया सानु भण्डारीलाई भेट्न शेर्पालाई पठाएका थिए। त्यही छलफलपछि शेर्पाले सानुका दाई राजुलाई पैसा फिर्ता गरेका हुन्। तर, बयानका क्रममा सानुले जोगाएनु, पैसा फिर्ता गरेको पोलसमेत खोलिदिएपछि खाण पनि अनुसन्धानमा तानिएका हुन्। हाल खाणसहित आङटावा र नरेन्द्र केसी पनि प्रहरी हिरासतमै छन्। खाणकै कार्यकालमा गृह मन्त्रालयमा भुटानी शरणार्थीसम्बन्धी प्रतिवेदन किर्ते गरेर आठ सय ७५ जनाको नाम थपिएको पुष्टि भइसकेको छ। साथै, बिचौलियाकै स्वार्थअनुसार उनले पूर्वसहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदलले बनाएको प्रतिवेदन कार्यान्वयनमा लैजानेदेखि विभिन्न समिति गठन गरी गैरशरणार्थीलाई शरणार्थीको सूचीमा पार्ने प्रयास गरेका थिए। त्यसका लागि उनले एक करोड २४ लाख लिएको बिचौलियाहरूको बयान छ।

पैसा लिएर काम पनि नगरिदिएको र उल्टै थुनामा परेपछि बिचौलियाले नै यो प्रकरण बाहिर ल्याएका हुन्। प्रहरीमा उजुरी परेपछि केही व्यक्तिले पहिले नै पैसा फिर्ता गरेर सहमति गरिसकेका थिए। करिब एक अर्बको ठगी भएको बताइ पनि प्रहरीमा करिब २३ करोड ठगीको मात्र उजुरी परेको छ। पूर्वसांसद आङटावाले त कार्यालय नै खोलेर सर्वसाधारणलाई फाराम फराई पैसा उठाएका थिए। तर, केहीको रकम फिर्ता गरिसकेकाले उनका पीडितहरू प्रहरीमा पुगेका छैनन्। मतियारका रूपमा उनीमाथि प्रहरीले अनुसन्धान गरिरहेको छ।

सशंकित थप व्यक्तिमाथि दोस्रो चरणमा अनुसन्धान गरी पूरक अभियोग लैजाने तयारी प्रहरीको छ। करिब एक दर्जन व्यक्तिलाई फरार अभियुक्तका रूपमा मुद्दा दायर हुने सम्भावना रहेको प्रहरी स्रोत बताउँछ। पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाण, नेपाल सरकारका सचिव टेकनारायण पाण्डे, गृह मन्त्रालयका पूर्वसुरक्षा सल्लाहकार इन्द्रजित राईलगायत उच्चपदस्थलाई थुनामा राखेर प्रहरीले अनुसन्धान गरिरहेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय, नयाँ बानेश्वरको

बक्यौता कर रकम दाखिला गर्ने बारेको अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मिति : २०८०/०२/०६

यस कार्यालयको Integrated Tax System मा रहेको बक्यौता अभिलेख बमोजिम यस कार्यालयमा दर्ता रहेका तपसीलमा उल्लेखित करदाताहरुबाट बक्यौता रकम असूल उपर गर्न करदाताले KYT मार्फत अध्यावधिक गराए बमोजिम कार्यालयको अभिलेखमा उपलब्ध भएका टेलिफोन तथा मोबाइल नम्बरमा पटक पटक टेलिफोन सम्पर्क गर्दा र करदाताबाट यस कार्यालयमा उपलब्ध गराइएको कारोबारको स्थायी ठेगानामा हुलाक तथा इमेल मार्फत पत्राचार गरी बक्यौता रकम दाखिला गर्न पटक पटक अनुरोध गर्दा समेत देहायका करदाताहरुले यस कार्यालयमा तिर्न बुझाउन बाँकी मूल्य अभिवृद्धि कर र आयकर बक्यौता रकम हालसम्म दाखिला नगरेको तथा आंशिक बक्यौता रकम दाखिला गरी थप रकम निश्चित अवधी भित्र दाखिला गर्न प्रतिवद्धता समेत गरेको नदेखिएकोले मिति २०८०/०२/०४ गतेका दिनमा तिर्न बाँकी देखिएको देहाय बमोजिमको बक्यौता रकम सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दाखिला गर्न वा दाखिला गरी सकेको भए सोको प्रमाण पेश गर्न सम्वद्ध सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। संयुक्त उपक्रम (जोइन्ट भेन्चर) को बक्यौताको समबन्धमा मूल्य अभिवृद्धि कर ऐन २०५२ (सं.स.) को दफा १०ख.(४) तथा आयकर ऐन २०५८(सं.स.) को दफा ११०ख. मा- संयुक्त उपक्रम(जोइन्ट भेन्चर) मा संलग्न व्यक्ति आफू संलग्न रहेको संयुक्त उपक्रमको कर दायित्व भुक्तान गर्ने प्रयोजनको लागि संयुक्त वा छुट्टाछुट्टै रुपमा जिम्मेवार हुनेछन् भन्ने व्यवस्था रहेको समेत सूचित गरिन्छ। तसर्थ, सूचना प्रकाशन भएको मितिले सात दिन भित्र करदाताले तिर्नुपर्ने बाँकी बक्यौता रकम दाखिला नगरेमा आय कर ऐन २०५८ को दफा १०४ देखि १११ सम्म उल्लेखित प्रकृया र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ मा उल्लेखित प्रक्रिया अपनाई निज करदाताहरुबाट (संयुक्त उपक्रमको हकमा सोका मूल कम्पनी अर्थात मूल साझेदार व्यक्ति समेतबाट) बक्यौता रकम असुल उपर गर्न कानुनी कारवाहीको प्रकृया अगाडि बढाइने व्यहोरा समेत सम्वद्ध सबैको जानकारीको लागि सूचित गरिन्छ।

बक्यौता रहेका करदाताहरुको विवरण र बक्यौता रकम रु.

सि. नं.	स्थायी लेखा नं.	कम्पनी तथा फर्मको नाम	प्रोपाइटर, संचालक, साझेदारको नाम	आयकर बक्यौता	मू.अ.कर बक्यौता	जम्मा बक्यौता
१	३०२०१६८२६	रोजवड बोर्डीङ स्कूल प्रा.लि.	आण्टु श्रेष्ठ	८६६६५४५५	०	८६६६५४५५
२	३०४२३९११९	मोविकन टेलि नेटवर्कस् प्रा.लि.	भोल्कान ओज्टास	८६८६८७२७	२११३०६३६	१०७९९९३६३
३	३०३९५८६९९	मेरी गोल्ड इन्टरटेनमेन्ट प्रा.लि.	लक्ष्मी प्रसाद पौडेल	५९४९०५०३	१९३०७१७५	७८७९७६७८
४	३०२४०२८२३	सिद्धि अटो	दिलिप थापा	३२९३५९७९	४४८५९४०८	७७७९५३८७
५	३०२९५८६६७	न्यू मंडल कन्सर्न	किशोरी मण्डल	६३९९५२११	३२२०८	६४०२७४१९
६	३०२७७२९१३	इको हाउजिङ्ग एण्ड रियल्टी प्रा.लि.	ज्ञानसुन्दर ब्रजाचार्य	६१३२०४६४	०	६१३२०४६४
७	५०००४२४७६	कर्णाली एयर प्रा.लि.	नारायण सिंह पुन	५९६१४९०७	०	५९६१४९०७
८	३०३३०२२३८	मर्निङ्ग स्टार इन्भेष्टमेन्ट सर्भिसेज प्रा.लि.	जोसेफ अधिकारी	५७४१६३३८	८६०७९	५७५०२४१७
९	३०३०८६७१४	गोरखा टि एण्ड कफी इण्डष्ट्रीज प्रा.लि.	तेज बहादुर तामाङ	२४२२५९७४	२९२९८६३७	५३५२४६११
१०	६०४२७२७०४	ब्रोन्जी ट्रेड प्रा.लि.	नबिकरिन अन्सारी	७९२८३१४	२७६२४०८८	३५५५२४०२
११	६००२४४७१२	ग्लोबल इन्टरप्राइजेज	सुनिल गुरुङ्ग	५३३७९२	२७९७९८९८	२८५१३६९०
१२	६०२६६३५७५	आराध्या ट्रेड कन्सर्न	भरत बहादुर दुम्जन	२५६६२०४७	०	२५६६२०४७
१३	३००८४३२५५	कृष्ण टावर्स प्राइभेट लिमिटेड	संजिव रिजाल	२२९४००४८	०	२२९४००४८
१४	६०१५००७१०	प्रभु मोबाइल प्रा.लि.	अर्जुन शर्मा	६१६३६५२.४	१३४११९९३	१९५७५६४५
१५	३०३०१३२१९	रिद्धि सिद्धि ट्रेडिङ्ग कन्सर्न	रोशन चौधरी	१३९६२१६४	१०००	१३९६३१६४
१६	३०००६२३२८	क्लासिकल क्याजुयल प्रा.लि.	कृष्ण राज गिरी	४२१२७२१	८७९४७६०	१३००७४८१
१७	६०९५५६६६९	सलीसैन ट्रेडिङ प्रा.लि.	मोहन कुमार गिरी	०	१०३३०९०४	१०३३०९०४
१८	६०१८५४५८१	एम.टि. ट्रेनिङ्ग नेपाल प्रा.लि.	शरण शर्मा खतिवडा	०	९७७९५३५	९७७९५३५
१९	३०२३४३३५९	उदय कन्सल्टेसी प्रा.लि.	राकेश रेग्मी	९४३५१३	६१८६४१५	७१२९९२८
२०	६०६०७५४८८	गोमती ढुवानी सेवा	कमला गौतम	३८९६७७	४६९९४७२	५०८९१४९
२१	५०००७७०२३	कोष व्यवस्थापन कम्पनी लि.	भरत कुमार पोखरेल	४७२६६०४.७	०	४७२६६०५
२२	६००६५८६६१	श्री कोजेन्ट मार्ट प्रा.लि.	तुलसा कार्की	२५४७४४८	१३५६१०७	३९०३५५५
२३	६००३७५४९२	ओम स्वस्तिक ट्रेडिङ्ग प्रा.लि.	सुमन प्रधान	०	३४८९३००	३४८९३००
२४	६०४३२५०७१	फर्नी वर्ल्ड प्रा.लि.	लोक राज पाण्डेय	२११३८९	१६१९०५७	१८३०४४६
२५	६००२४१४९८	पप्पु /लुम्बिनी जे.भी.	हरिनारायण प्रसाद रौनियार	२९५५१९५.६	२२९७९९१०	२५९३५१०६
२६	६०३४६०१८४	लुम्बिनी/जलजला जे.भी.	ईश्वर बहादुर पुन	२५६२०१७४	०	२५६२०१७४
२७	३०४७२३८३०	सुनौला खिम्ति/ध्रुव एण्ड तारा जे.भी.	धर्म राज भण्डारी	१६५२०३८२	१३९३७३३	१७९१४११५
२८	६०१११४४०१	ए.एण्ड आर./ पप्पु जे.भी.	सुमित रौनियार	०	१३८८१७८९	१३८८१७८९
२९	६०३४६०७४०	कन्टेक/गौरी पार्वती/कोशी एण्ड न्यौपाने जे.भी.	प्रल्हाद प्रसाद शर्मा	६२५२६	९१४९३०४	९२११८३०
३०	६००२४२०६०	धुलिखेल गोर्खा जे.भी.	टंक प्रसाद चौलागाई	२५९०८६०	५७३११०५	८३२१९६५
३१	३०३३०५३३०	कालिका/दि कन्चनजंघा/अनक जे.भी.	टेण्डी शेर्पा	७६३८७२६	७०६८	७६४५७९४
३२	३०४९५६२८१	श्याम सुन्दर/लुम्बिनी जे.भीं	शधिर रिजाल	७४१६४५२	०	७४१६४५२
३३	६०३२७३२६७	कालिका/कान्छाराम जे.भी.	पुर्ण बहादुर तामाङ	३४२९८८९	३५२०५५८	६९५०४४७
३४	६०१६४१२००	नेपाल प्रगती/मोखिम एण्ड सन्स जे.भी.	केशर बहादुर खड्का	१३२५४७८	५१४४९७५	६४७०४५३
३५	६०७६४३८२८	धौलागिरी एस.एस.ई. ज्वाइन्ट भेन्चर जे.भी.	जितेन्द्र बहादुर के.सी	७४४१८२	५२३५५१९	५९७९७०१
३६	३०२९५८०८५	फोर्लिङ्ग इन्टरनेशनल/द कन्चनजंघा/ बज्रगुरु जे.भी.	तेन्डी शेर्पा	५८५३४०७	०	५८५३४०७
३७	३०२९६०९१०	युनाइटेड बिल्डर्स/डम्फाफे/कान्छाराम कन्स्ट्रक्सन जे.भि.	पुर्ण बहादुर तामाङ्ग	५५९२१९८	१९०५	५५९४१०३
३८	६०३२७११९७	बज्रगुरु - रायमाझी जे. भी.	लक्ष्मण कुमार राना	५५४५७०८	०	५५४५७०८
३९	६०३४६०२९०	खानी/जलजला जे.भी.	ईश्वर बहादुर पुन	२९०५२१५	१८५४३०९	४७५९५२४
४०	६०२०१७३०७	दाप्चा/बुद्ध एण्ड फुर्वा जे.भी.	रत्न बहादुर लामा	०

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालबाट
शनिबार ६ जेठ ०८०
nayapatrikaofficial @naya_patrika

तपाईंको घर कहाँ हो ? VS तपाईं कहाँ बस्नुहुन्छ ?

यो प्रणाली भनिरहन्छ- स्वास्नीमान्छेका दुइटा घर छन् । दुइटा थर छन् । तर, पितृसत्ताको यो राजनीति बुझ्न सूक्ष्म विश्लेषण आवश्यक पर्छ ।



दीपा दाहाल
deepudahal555@gmail.com

समाज



सन्तानको मनोविज्ञानमा थप नकारात्मक असर पर्न नदिन पनि घर बनाउनैपर्ने अवस्था आयो । यस्तै अवस्था आएका कैयौं अभिभावक होलान्, जोसँग घर बनाउन सक्ने हैसियत छैन । हामीले घरलाई दिइरहेको अत्यधिक महत्त्वले घर नभएका आमाबाबु र तिनका बच्चाको मानसिकतामा कस्तो प्रभाव छाडिरहेका छौं ? यसको लेखाजोखा कसले गर्ने ?

सोध्नेलाई सोधिदिए पुग्छ । सोधिनेसँग जवाफ होस् नहोस् बालै भएन । कहिलेकाहीं सरल प्रश्नको जवाफ पनि अक्करे भिरभन्दा जटिल हुन सक्छ । छोटो उत्तर लेख, भन्ने प्रश्नमै लामो समय खर्च हुन सक्छ । मेरा लागि त्यस्तै एउटा दुरुह प्रश्न हो- तपाईंको घर कहाँ हो ? बाटोमा, पसलमा, चोकमा, बजारमा, कार्यस्थलमा अथवा जहाँकहीं होस्, जोसुकैले होस् नाम र कामसँगै सोध्ने अनिवार्य प्रश्न हो यो ।

भर्खरै जनगणना २०७८ को नतिजा सार्वजनिक भएको छ । तथ्यांक भन्छ- आफ्नै घरमा बस्ने जनसंख्या ८६ प्रतिशत रहेको छ । त्यो प्रतिशतमा मेरो गणना घर हुनेहरूमा भएको छ । जुन सरासर गलत छ । कारण, म बेघर छु ।

सुन्दा अथवा सोध्दा सामान्य लाग्ने यो प्रश्न मजस्ता बेघर मान्छेलाई सोधिँदा भने बडो सकसपूर्ण लाग्दो रहेछ । लाग्दो रहेछ यसर्थ कि केही समयअघिसम्म मलाई बेघर भएको महसुस थिएन । अचेल (विवाहपश्चात्) जब कसैले घर सोध्छ, दिमाग काँकडभिट्टा विराटनगरको ननस्टप बसझैं हुइँकिन्छ घर खोज्न । सवारीका लागि खाली गरिएको सडकझैं रित्तो-रित्तो हुन्छ हृदय । आफूले बनाएको घर छैन । अरूले यो तेरो हो भनिदिएको घरलाई घर मान्न मन तयार हुँदै हुँदैन । अरूले यो अबदेखि तेरो होइन भनेको घरलाई मेरै हो भनेर जबर्जस्ती गर्न पनि अहंले दिँदैन । तब लाग्छ, बिलाइदिऊँ त्यहीं, भागौं प्रश्नहरूले नभेट्ने बाटो ।

घर नभेटे पनि जवाफ नभेटी सुख छैन । चलाखीपूर्वक भनिदिन्छु, फलानो ठाउँमा बस्छु ।

तपाईंको घर कहाँ हो को सट्टा तपाईं कहाँ बस्नुहुन्छ ? भनेर सोधिदिए सोध्नेको के जान्थ्यो ?

घर छैन भन्दा हीनताबोध हुने अथवा सम्भावित उपेक्षाको सिकार भइने डरले होइन, त्यसपछि झेल्नुपर्ने तर्कवितर्क, स्पष्टीकरणका लम्बेतान विवेचनासँग भाग्न यस्तो जवाफ दिन्छु । लाग्छ, सोध्नेहरूलाई थाहा छ मेरो घर छैन । उनीहरू च्याखच्याखती पार्छन्, फलानोकोदेखि कता, ढिस्कानोकोदेखि कता ? तब सविस्तार वर्णन गर्नुको विकल्प रहँदैन ।

घर नहुनु मेरो छनोट वा बाध्यता हुन सक्छ । समाज र कानुनले भनिदिएको घरलाई घर मान्न नसक्नु नितान्त मेरो अनुभूति, चेतना वा विद्रोह हुन सक्छ । घर सोध्नेहरूले जवाफ सुन्ने धैर्यता राख्दैनन् । बरु लोग्नेको हिंसा सहन नसकेर आमाबाबुको शरणमा पुगेकी छोरीलाई जसरी माइतीले कोसेलीसहित लोग्नेकै घर फिर्ता पठाउँछन्, उसैगरी तर्कद्वारा मलाई घर दिलाइदिन लागि पर्छन् ।

मलाई घर चाहिएको छैन, तिम्रा प्रश्नबाट छुटकारा मात्रै चाहिएको हो ।
यो कुरा बुझाउँदा-बुझाउँदै थाहै
नपाई मेरो शक्ति भने अनावश्यक
खर्च भइरहेको छ ।

मान्छे विविध कारणले घरविहीन भएको हुन सक्छ । हामीले आर्थिक पाटोलाई मात्रै महत्त्व दियौं । बेघर हुनुलाई गरिबीसँग मात्र जोडेर हेर्‍यौं । यसका धार्मिक, सामाजिक, राजनीतिक पक्ष सधैं ओझेल पारिरहर्‍यौं । जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलालाई सधैं बेघर बनाएर औंलो ठड्याइरहर्‍यौं- तेरो घर यही हो । शताब्दीऔं अघि सिमोन दि बोउवारले भनेकी थिइन्, 'महिलासँग गुमाउनलाई केही छैन, न घर न थर ।' महिला आन्दोलनको लामो यात्रा छिचोलिसके पनि महिलाको अवस्था अहिले पनि सिमोनले भनेभन्दा फरक छैन । कानुनले पतिको घरलाई 'वासस्थान त्यही हो तेरो' भनिदिएको छ ।

घर र वासस्थानमा के फरक छ ?

घर र वासस्थानमा के समान छ ?

मेरो विचारमा लिंग र लैंगिकताबीच जस्तो अन्तर छ, ठिक त्यस्तै अन्तर वासस्थान र घरबीचमा छ । घर समाजले निर्माण गरेको अतिशय भावुकता हो । संसारका हरेक प्राणीको वासस्थान हुन्छ, जसरी हरेकको लिंग हुन्छ । तर, मान्छेबाहेक कुनै प्राणीको घर हुँदैन, जसरी तिनको लैंगिकता हुँदैन ।

जन्मजात घर नभएकाहरू, बालखैमा घर छाडेकाहरू, कारणवश घर गुमाएकाहरू, रुचि वा बाध्यताले घरविहीन बसेकाहरू अथवा घर भएर पनि घरको आभास नभएकाहरू, घरभित्रै पनि बेघर महसुस गर्नेहरू सबको अनुभूति समान हुँदैन । आर्थिक अभावले घरविहीन हुनुपरेको पीडाको उपचार स्वेच्छाले घरमा नबसेका व्यक्ति वा घर भएर पनि घरको महसुस गर्न नपाएका व्यक्तिका लागि उपयोगी नहुन सक्छ । जसरी एउटै रोगको पनि व्यक्तिको जैविक, रासायनिक तत्त्वअनुरूप फरक औषधि र उपचार आवश्यक पर्छ, उसैगरी घर नहुनुको पनि भिन्न कारण, लक्षण र उपचार पद्धति हुन्छ, हुनुपर्छ (यदि घरै चाहिने हो भने) । होइन भने घरको लैंगिकतालाई नांगेझार पारिनुपर्छ ।

हाम्रो समाजमा जन्म, विवाह, मृत्युजस्तै घर बनाउनुलाई पनि मानवजीवनको अनिवार्य कर्म मानिन्छ । तसर्थ घर नहुनेहरू घर बनाउन र घर हुनेहरू अझ राम्रो घर बनाउन जीवनको महत्त्वपूर्ण समय खर्च गर्ने गर्छन् । आजको पुँजीबजारमा जग्गा किनेर घर बनाउन एउटा भुइँमान्छेलाई सिंगो जीवन लाग्न सक्छ । हिसाब गरिल्याउँदा यसको तुलनामा डेरामा बस्नु धेरै सस्तो पर्न जान्छ । तर, हामीभित्र घरको लैंगिकता यस्तरी टाँस्सिएको छ कि सम्पूर्ण ऊर्जाशील समय खर्च गर्नुपरे पनि हामी खुसी-खुसी तयार हुन्छौं । मानौं घर नहुनु भनेको नांगो हुनु हो ।

डेरावाललाई घरबेटीले मात्र नभएर समाज तथा आफ्नै नातेदारले समेत विभेदको स्वाद चखाउन भ्याउँछन् । दिनभरि काम गरेर साँझ साथीभाइसँग अलिबेर गफिँदा अथवा फिल्म हेर्न जाँदा ढिलो भए घरबेटीले गेट नखोल्देलान् वा झर्को मान्लान् भनेर एकखाले तनाव सधैं भइबस्छ ।

केही वर्षअघि पहिलोपटक कवि सीमा आभासको डेरामा पुग्दा दिदी घर बनाउन भुटभुटिनुभएको सम्झिन्छु, 'छिमेकमा पुराण लागेको छ, बालख छोराले जाऊँ भनेर हत्ते हाल्छन् । नबोलाई जान हुँदैन भनेर सम्झाउने उमेर छैन छोराको, के भनेर फकाउने ?' दिदी गुनासिनुहुन्छ, 'डेरा बस्ने भनेर छिमेकीले हेपे ।' त्यसको एक वर्षपछि सीमा आभासको घर बन्यो ।

दमकमा डेरा गरी बस्ने मेरी दिदीलाई हुकिँदै गरेका छोराछोरीले सोध्न थाले, 'ममी हामी गरिब मान्छे हो ?' यो कुरा अबोध बालबालिकालाई तिनका साथीले भनेका थिए, 'तिमेरको घर छैन, तिमेरु गरिब हौ ।' अहिले एक वर्ष भयो उनीहरू आफ्नै घरमा बस्न थालेको ।

समस्या सहरका डेरामा मात्रै छैन । आजभोलि गाउँमा पनि डेराजसरी बस्ने मानिसहरू निकै बढेका छन् ।

पहाडबाट मधेस, गाउँबाट सहर, सानो सहरबाट ठूलो सहर, ठूलो सहरबाट विदेश बसाइँ सर्नु नेपाली समाजको विशेषताजस्तै भएको छ । यस्तोमा पहाडको आफ्नो पाखो, बारी, फराकिलो घर छाडेर मधेस झरेकाहरू, सहर पसेकाले छाडेको रित्तो घरमा बस्दै आएका छन् । लामो समय एउटै मोहीलाई घरजग्गामा बस्न दिँदा राज्यको नियमानुसार अंश दिनुपर्ने डरले त्यस्ता मोहीलाई घरवालाले एकाध वर्षमा निकालिदिन्छन् । उनीहरू एक घरबाट अर्को घर, एक गाउँबाट अर्को गाउँ सरिरहन विवश छन् ।

घरको विकल्प डेरा, होटेल, होस्टेल, आश्रम आदि विविध हुन सक्छ । घरको फाइदा वा बेफाइदाबारे व्यापक बहस हुन सक्छ । यो लेखको आशय घरलाई दिइएको अधिक महत्त्वले घर नभएका १४ प्रतिशत जनता र घर भएको भनिएका तर बेघर महसुस गर्ने मजस्ताले भोगिरहेको मानसिक समस्याको उठान गर्नु हो ।

आमबुझाइको घर जुन एउटा परिवारको निजी स्वामित्वको आश्रयस्थल हो, यसको पहुँचबाट भावनात्मक, संवेगात्मक हिसाबले कति मानिस जोडिन बाँकी होलान् ? मेरो चासो त्यतातिर हो ।

किशोरावस्था पार गरेपछि बिहे गर्न, बिहे गरेपछि छोराछोरी जन्माउन, घर बनाउन दबाब दिइरहनु, मान्नौं समाजको कर्तव्य हो । ऊ आफ्नो कर्तव्यमा खरो उत्रिन कुनै कसर बाँकी राख्दैन । तर, उसले जान-अन्जानमा गरेका यस्ता हर्कतले आममानिसको धारणा निर्माणमा कसरी प्रभुत्व जमाइराखेको छ भन्ने कुराको हेक्का रत्तिभर गर्दैन । जान-अन्जानमै हामी आफ्ना कृत्यद्वारा अर्को व्यक्तिको मानसिक क्षयीकरण गर्ने ढाल बनिरहेका छौं । यो सत्य स्विकार्न अबेर भइसकेको छ । यो गल्ती सच्याउन ढिला भइसकेको छ ।

मेरी दिदी र कवि सीमा आभासले सन्तानको मनोविज्ञानमा थप नकारात्मक असर पर्न नदिन पनि घर बनाउनैपर्ने अवस्था आयो । यस्तै अवस्था आएका कैयौं अभिभावक होलान्, जोसँग घर बनाउन सक्ने हैसियत छैन । हामीले घरलाई दिइरहेको अत्यधिक महत्त्वले घर नभएका आमाबाबु र तिनका बच्चाहरूको मानसिकतामा कस्तो प्रभाव छाडिरहेका छौं ? यसको लेखाजोखा कसले गर्ने ?

मधेसमा बर्सेनि बसाइँ सर्दै हिँड्ने मोही बाबुआमाका कठिनाइ र तिनका सन्तानले भोग्नुपरेको अस्थिर बालापनको जिम्मेवारी कसले लिने ? 'जसको जोत उसको पोत' भनेर मोहीको हितमा राज्यले ल्याएको नीतिले अन्ततः मोहीलाई नै कष्ट दिइरहेको जानकारी उसलाई किन छैन ?

बस्नलाई त वासस्थान भए पुग्छ, तर समाजमा बाँच्नलाई घर नभई नहुने रहेछ । घर मुख्यतः अरू धेरै कुरा सँगै प्रसंग बेप्रसंग सोध्नेलाई दिने जवाफ रहेछ । बेघर भएपछि महसुस भयो, घर नहुनु भनेको निरुत्तर हुनु रहेछ । केहीबेर अकमकिनु, थकथकिनु, धकाउँदै, भकभकाउँदै अमूर्त जवाफ दिनु रहेछ ।

> मान्छे विविध कारणले घरविहीन भएको हुन सक्छ । हामीले आर्थिक पाटोलाई मात्रै महत्त्व दियौं । बेघर हुनुलाई गरिबीसँग मात्र जोडेर हेर्‍यौं । यसका धार्मिक, सामाजिक, राजनीतिक पक्षलाई सधैं ओझेल पारिरहर्‍यौं । जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलालाई सधैं बेघर बनाएर औंलो ठड्याइरहर्‍यौं- तेरो घर यही हो ।

गत वर्षको चैत्र २२ गते गृह मन्त्रालयले विज्ञप्ति नै निकालेर भनिदियो, पितृत्वको ठेगाना नभएको वा विवाहअघि जन्मिएको बच्चाले मावलीको थरबाट जन्मदर्ता पाउनेछ- (हाल सच्याएको) । सन्तान जन्म दिने आमाको हैसियत मामा वा मावलीभन्दा पर देख्ने राज्यका लागि मजस्ता बेघर महिलाको समस्या जहाजबाट भुइँका मान्छे नदेखिनुबराबर हो ।

यो प्रणाली हाम्रा आँखामा छारो हाल्न हरदिन पण्डित्याइँ छाँट्दै भनिरहन्छ- स्वास्नीमान्छेका दुइटा घर छन् । दुइटा थर छन् । सतहमै बसेर सोचिल्याउँदा हो जस्तै लाग्ने पितृसत्ताको यो राजनीति बुझ्न विभेदको गहिरो अनुभूति र सूक्ष्म विश्लेषण आवश्यक पर्छ ।

सत्य प्रायः कुरूप देखिने गर्छ । किनकि हाम्रा आँखा झुटलाई हेर्न अभ्यस्त छन् । तसर्थ हामीलाई सत्यको आँखा तिरमिराउने उज्यालोभन्दा भ्रमको रिमरिम अँध्यारो प्रिय लाग्छ । धेरै महिला आफ्नो घर, थर, नाम, पहिचान नहुनुको दुसत्यलाई स्विकार्नभन्दा दुइटा घर, दुइटा थर भएको सुखद् झुटलाई स्विकार्न तयार हुन्छन् । किनकि यसलाई स्विकार्न मिहिनेत गर्नुपर्दैन । यो हाम्रो स्वभावजन्य छ ।

कहिलेकाहीं उनीहरू यसलाई मौन स्वीकार मात्रै गर्दैनन्, खुलेयाम समर्थन र हस्तक्षेप गर्न पनि तम्सिन्छन् । यसैलाई भजाएर धर्म, संस्कार, राजनीतिका ठेकेदार टुक्का भर्छन्, 'आइमाईका शत्रु आइमाई नै हुन् ।'

राज्यले महिलाको नाममा सम्पत्ति दर्ता गर्दा विशेष छुट दिने व्यवस्था गरेको छ । जसकारण पछिल्लो समय महिलाका नाममा सम्पत्ति दर्ता हुने गरेको देखिन्छ । महिलालाई सम्पत्तिमा पहुँच दिलाउने राज्यको नीति कागजी रूपमा भए पनि थोरै सफल भएको मान्नुपर्छ ।

घर वा जग्गा वा दुवैको स्वामित्व भएका महिला २३.८ प्रतिशत रहेको जनगणना २०७८ को नतिजाले बताउँछ । जुन २०६८ सालको जनगणनाभन्दा १.१ प्रतिशतले बढी हो । तर, प्रायजसो आफ्नै नाममा भएको घर, निर्माणदेखि बेचबिखनसम्ममा भने महिलाको अधिकार र उपस्थिति शून्यबराबर हुने गर्छ ।

घरलाई जति विशेष र भव्य बनायो, उति नै यो धेरैबाट अलग्गिँदै जाने रहेछ । जो जहाँ बस्छ, त्यहीं नै उसको घर हो । यति सामान्य कुरा बुझे घर नभएकै कारण भोग्नुपर्ने सामाजिक विभेदको अन्त्य हुनेछ । सरकारले निकालेको आँकडालाई सत्य मान्ने हो भने पनि लाखौं मान्छेले एक किसिमको विभेदबाट मुक्ति पाउनेछन् ।

मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद २ को बुँदा नम्बर ८७ भन्छ, 'पति र पत्नीले आपसी समझदारीमा छुट्टै वासस्थान निर्धारण गरेकोमा बाहेक पत्नीको वासस्थान पतिको घरमा कायम भएको मानिनेछ ।'

कानुनले बुझेको रहेछ, घरस्थान सबैको नभए पनि वासस्थान हरकोहीको हुन्छ । हामीले कहिले बुझ्ने ? जनजिब्रोले कहिले बोल्ने ?

आउनुस्, हामी आफैंले पहल गरौं । एउटा प्रश्न बदलौं ।

तपाईं कहाँ बस्नुहुन्छ ?



अनि गाउँ पुग्यो ‘गोर्खाली तक्मा’



दोलखाको एक विद्यालयमा सफिक न्यौपाने



पवन बराइली
pawanbaraili4@gmail.com

संगीत

सहरमा हुर्किएर संगीत पढेका-बुझेका अधिकांश युवाको सोच हुन्छ, विदेशमा कन्सर्ट गर्ने, महँगा पप-क्लबहरूमा गीत गाउँने । तर, ‘गोर्खाली तक्मा’ ग्रुपका दुई तन्नेरी अजित न्यौपाने र अतुलराज (सफिक) न्यौपानेको सपना र गन्तव्य भने फरक छ । यी सहोदर दाजुभाइ चोक र गल्लीमा गितार बनाउँदै झुमेका देखिँदैनन् । बरु देखिन्छन्, गाउँ बस्तीमा, स्कुलका चौरमा गितार बजाउँदै गीत गाइरहेको ।

काठमाडौंको धापासीमा जन्मे-हुर्केका यी दुई तन्नेरी गाउँका स्कुलमा सांगीतिक अभियान लिएर पुगिरहन्छन् । अजित दाजु हुन् भने सफिक भाइ । यी दाजुभाइ गितार बजाउँदै लोकसंगीत गाउँछन् । दाजुभाइ नै गायक, गीतकार हुन् । वाद्यवाधन पनि बजाउन निपूण छन् । उनीहरूको विशेषता भनेकै गितारमा लोकशैलीका गीत गाउनु हो । सफिक भन्छन्, ‘हामी सबै किसिमका गीत गाउँने गर्छौं । बालबालिकालाई मन पर्ने गीत विशेष गाउँछौं । कतिपय पुराना गीतलाई पनि नयाँ शैलीमा गाउँछौं ।’

सुरुवाती दिनमा उनीहरू तपोभूमि ब्यान्डसँग आबद्ध थिए, जहाँ दाजुभाइ नै गिटारिस्ट तथा गायकका रूपमा काम गर्थे । उनीहरू ठमेलका क्लब, बार, रेस्टुराँमा गीत गाउँथे । तर, यो ब्यान्ड लामो समय टिकेन । केही समयपछि उनीहरू त्यस ब्यान्डबाट अलग भएर ‘हिपअप’ गीत आफैंले बनाउन थाले । आफ्नै घरमा स्टुडियो खोलेर संगीत सिर्जना गर्न थाले ।

ब्याचलर पढ्दै गर्दा उनीहरू लाइभ म्युजिकतिर आकर्षित भए । त्यसपछि साथीहरूसँग मिलेर ब्यान्ड स्थापना गरे । बुबाले ब्यान्डको नाम जुराइदिए ‘गोर्खाली तक्मा ब्यान्ड’ । त्यसपछि उनीहरू ठमेलका रेस्टुराँमा गीत गाउन थाले । करिब ६ महिना ठमेलको रेस्टुँरामा गीत गाएपछि उनीहरूले ठमेललाई नै आधार बनाएर गीत सिर्जना गरे, ‘वाकिङ फिरिरी...’ । लोक-लयमा आधारित ‘वाकिङ फिरिरी’ले निकै चर्चा पायो । उक्त गीतले करिब ६० लाख भ्युअर्स पाएपछि दाजुभाइ झनै उत्साहित भए ।

भूकम्पले सिकाएको पाठ

‘वाकिङ फिरिरी...’मा ठमेलदेखि पोखराको लेकसाइटसम्मको सुख-दुःखलाई रमाइलो शैलीमा चित्रण गरिएको छ । अजित भन्छन्, ‘गीतको भिडियो बनाउन निकै कठिन भयो । साथीहरूसँग पनि पैसा उठाएर करिब साढे दुई लाख लगानीमा भिडियो बनायौं । त्यही क्रममा ब्यान्ड ‘गोर्खाली तक्मा’ स्थापना गरेका हौं ।’



अजित न्यौपाने

ब्याचलर अफ सोसल वर्क पढ्दै गर्दा उनीहरू थुप्रै संघसंस्थामा आबद्ध भए । त्यहाँ उनीहरूले सामाजिक कार्यमा सक्रिय हुने मौका पाए । त्यही क्रममा उनीहरूले काठमाडौंका अनाथालयमा पुगी बालबालिकालाई संगीत पनि सिकाए । गाउँमा जाँदा बालबालिकालाई गीत सुनाउँने, अनुशासनका कुरा सिकाउने, संगीतबारे बुझाउने गर्छन् । यति मात्रै होइन, उनीहरूले स्कुलमा बिरुवा पनि रोप्ने गरेका छन् । अजित भन्छन्, ‘०७२ को भूकम्प आएका वेला राहत वितरणको काममा पनि खटियौं । त्यसवेला काठमाडौंको बौद्धमा क्याम्प बनाएर सयौं बालबालिका राखिएको रहेछ । त्यहाँ हामीले सांगीतिक प्रस्तुति दियौं । भूकम्पले त्रसित भएका वेला हामीले गीत गाउँदा बालबालिक निकै खुसी भए ।’

उनीहरू महँगा क्लब र बारमा गीत गाउँथे । तर, गीत गाएको पारिश्रमिक नपाउँने । ठमेलका गल्लीमा हातमा गितार बोकेर मध्यराति खाली हात हिँड्थे । विनापैसा थुप्रै गीत गाए । उनीहरू सहरको रमझममा थिए, तर मन खुसी थिएन । जब बालबालिकालाई संगीत सुनाउँदै गाउँगाउँमा पुगे, उनीहरूले पैसा त पाएनन्, तर मनभरि खुसी भने पाए ।

स्कुलमा पढिरहेका विद्यार्थीलाई यी दाजुभाइले संगीतमार्फत नयाँ ऊर्जा थपिदिए । विद्यार्थीहरू उनीहरूको गीत सुन्दै नाचे, सँगसँगै गाए । विद्यार्थी उत्साहित भएपछि उनीहरूले भूकम्प प्रभावित जिल्लामा जाने योजना बनाए । सफिक थप्छन्, ‘हामीले काठमाडौं मात्रै होइन, भूकम्पले क्षति भएका गाउँमा पनि जानुपर्छ भन्ने सोच बनायौं । भूकम्पले दुःखी भएका मानिसलाई खुसी बनाउने र बालबालिकालाई देश प्रेम र समाजप्रति उत्तरदायी बनाउने लक्ष्य लिएर यो अभियान सुरु गर्‍यौं ।’

सांगीतिक अभियानकै क्रममा गोरखा, मुस्ताङ, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, लमजुङ, नुवाकोटलगायत २० भन्दा बढी सामुदायिक विद्यालयमा पुगेर उनीहरूले सांगीतिक प्रस्तुति दिइसकेका छन् । काभ्रेपलान्चोक र रसुवाको विद्यालयमा महिना दिन बिताएको सफिक सुनाउँछन् । अजित थप्छन्, ‘सांगीतिक माहोलले कक्षामा सधैं उस्तै, उही विषय पढिरहेका विद्यार्थीलाई नयाँ ढंगले सोच्न प्रेरित गर्दो रहेछ । तपाईंहरू फेरि हाम्रो स्कुलमा आउनुपर्‍यो भनिरहेका छन् ।’ गाउँमा पढेलेखेका जति प्रायः वैदेशिक रोजगारीमा छन् ।


सांगीतिक प्रस्तुतिले बालबालिकालाई संगीतसँगै अनुशासनका कुरा सिकाएको उनी सुनाउँछन् । उनी भन्छन्, ‘ठमेलमा रक्सी खाएका मान्छेलाई मनोरञ्जन दिनुभन्दा गाउँका बालबालिकालाई संगीतको ज्ञान बाँड्छौं । बालबालिकालाई शिक्षामा अग्रसर गराउन संगीत नै माध्यम बनाएका हौं ।’

सफिकले अहिले पनि काठमाडौंका विभिन्न बालगृहका बालबालिकालाई बाँसुरी, मादल, धिमे, सारंगीलगायत नेपाली बाजा निःशुल्क सिकाउँदै आइरहेका छन् । उनी भन्छन्, ‘चाँडै नै गाउँ-गाउँसम्म संगीत सिकाउन जाने योजना छ । त्यहाँका विद्यालयमा जनचेतना तथा प्रेरणात्मक संगीत पस्किने प्रयास हुनेछ ।’

> उनीहरू राजधानीका महँगा क्लब र बारमा गीत गाउँथे । तर, गीत गाएको चित्तबुझ्दो पारिश्रमिक पाउँदैनथे । ठमेलका गल्लीहरूमा हातमा गितार बोकेर मध्यराति विनापैसा पनि हिँड्थे । उनीहरू सहरको रमझममा थिए, तर मन खुसी थिएनन् । जब बालबालिकालाई संगीत सुनाउँदै गाउँगाउँ पुगे, उनीहरूले पैसा त पाएनन्, तर मनभरि खुसी भने पाए ।

एक न्युरो सर्जन : जसले राजधानी छाडेर मोफसल रोजे

‘बिरामीलाई देशका कुना-कन्दराबाट काठमाडौंमै धाउनुपर्ने बाध्यता छ, यसलाई समाधान गर्न मैले मोफसल रोजें ।’





शिवहरि घिमिरे
journalistshiv2015@gmail.com

जनस्वास्थ्य

धेरैजसो चिकित्सक काठमाडौंमै बस्न र यहींका ठूला अस्पतालमा काम गर्न रुचाउँछन् । उनीहरू उपत्यकाबाहिर जान आनाकानी गरिरहेका हुन्छन् । तर, वरिष्ठ न्युरो सर्जन डा. केआई सिंह केसीलाई भने काठमाडौंमा बस्न मनै परेन । तीन वर्ष वीर अस्पतालको न्युरो विभागमा काम गरेका उनी ०७१ देखि उपत्यकाबाहिरै काम गरिरहेका छन् । उपत्यकामै सीमित न्युरो सर्जन सेवालाई उनले गुल्मी, अर्घाखाँची, प्युठान, पाल्पा, कपिलवस्तु, रुपन्देही, दाङ, नवलपुरलगायत जिल्लामा पुऱ्याएका छन् ।

उपत्यकाबाहिर गतिलो न्युरोसम्बन्धी उपचार सेवा सुरु नभएको अवस्थामा उनले मोफसलमा न्युरो सेवा विस्तार गरेपछि त्यस क्षेत्रका सयौं बिरामीले राहत महसुस गरेका छन् । ‘गुणस्तरीय तथा विशिष्टीकृत उपचार सेवा लिन देशका कुना-कन्दराबाट बिरामी काठमाडौंमै धाइरहनुपर्ने बाध्यता छ, यसलाई समाधान गर्न मैले मोफसल रोजें,’ डा. केसी भन्छन् ।

सुरुमा उनले करिब एक वर्ष लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा न्युरो सेवा सुरु गरे । त्यहाँ बस्दा एक्लैले ९० भन्दा धेरै न्युरो सर्जरीसम्बन्धी अप्रेसन गरे । त्यहाँबाट उनी बुटवल झरे । बुटवलको चौराहा हस्पिटल, न्युरो एन्ड ट्रमा सेन्टरमा स्नायुसम्बन्धी उपचार गर्न थाले । नौ वर्षको अवधिमा उनले करिब दुई हजार सात सय न्युरोसम्बन्धी बिरामीको अप्रेसन गरिसकेका छन् । डाक्टरहरू राजधानीमै केन्द्रित भइरहँदा उनी भने मोफसलमै बसेर जटिल शल्यक्रिया गरेका छन् । नारायणी नदीपारि यसरी शल्यक्रिया गर्ने चिकित्सकको अझै अभाव छ । उनी भन्छन्, ‘उपत्यकाबाहिर न्युरो सर्जन सेवा अझै प्रभावकारी छैन । सबै अस्पतालमा यो रोगसम्बन्धी उपचार नहुने भएकाले आज पनि उपत्यका बाहिरबाट बिरामी उपत्यकामै आउन बाध्य छन् ।’


केही निजी, प्रादेशिक र जिल्ला अस्पतालले न्युरोसम्बन्धी सामान्य उपचार सेवा दिए पनि विशिष्ट सेवा दिन सकिरहेका छैनन् । यस्तो संकटको अवस्थामा आफूले न्युरोसम्बन्धी उपचार सेवा उपत्यकाबाहिर सुरु गरेको डा. केसीको भनाइ छ । ‘न्युरोसम्बन्धी उपचार विधि निकै गाह्रो छ, सीमित अस्पतालमा मात्रै यसको उपचार हुन्छ,’ डा. केसी भन्छन्, ‘त्यसैले मैले मोफसलमा यो सेवा दिँदै आएको हुँ ।’ उनका अनुसार न्युरोसम्बन्धी उपचार सेवा निकै महँगो र खर्चिलो भएकाले सरकारले न्युरोसम्बन्धी उपचारलाई सहज बनाउन आवश्यक छ । अर्कोतिर नेपालमा न्युरोसम्बन्धी बिरामीको संख्या बढिरहेको छ भने न्युरो सर्जनको संख्या पनि निकै कम छ । यस्तो अवस्थामा उनले मोफसलमा बसेर काठमाडौंमा दिइने स्वास्थ्य सेवा दिइरहेका छन् ।



डा. केआई सिंह केसी

> तीन वर्ष वीर अस्पतालको न्युरो विभागमा काम गरेका उनी ०७१ देखि उपत्यकाबाहिरै काम गरिरहेका छन् । उपत्यकामै सीमित न्युरो सर्जन सेवालाई उनले गुल्मी, अर्घाखाँची, प्युठान, पाल्पा, कपिलवस्तु, रुपन्देही, दाङ, नवलपुरलगायत जिल्लामा पुऱ्याएका छन् ।

भुइँमान्छेका जीवनगाथा




छविरमण सिलवाल
crsilwal@gmail.com

समीक्षा

नेपालको ऐतिहासिक नगरी पनौतीमा बसोवास गर्ने सूर्यप्रसाद लाकोजू नेपाली साहित्यमा एक उत्प्रेरकका रूपमा देखिएका छन् । साहित्यमा आफू एक्लै भन्दा पनि हुलै बोकेर साहित्ययात्रामा निस्किन उनी मन पराउँछन् । नेपालको प्राचीन सहर पनौतीमा थुप्रै सर्जक छन् । सबै सर्जक तनमनले सिर्जनामा सेवारत छन् । लाकोजू अग्रपंक्तिमा साहित्यको मोर्चा सम्हाल्दै छन्, अक्षरमार्गको सहारामा ।

सूर्यप्रसाद लाकोजू साहित्यसँगै संस्कृतिमा पनि कलम दौडाउँछन्, नियात्रा, मुक्तक, कविता तथा बालसाहित्यमा पनि उनको लेखन अब्बल छ । विभिन्न विधाका करिब एक दर्जन पुस्तक प्रकाशित भइसकेका सूर्यको ‘सत्याग्रह’ कथासङ्ग्रह भने पहिलो हो । मैले यी भूमिका बाँध्नुको कारण पनि उनको कथा कृति ‘सत्याग्रह’माथि केही मनमा लागेका कुरा लेख्नका लागि नै हो ।

उनको लेखन स्वेरकल्पनाभन्दा पनि समाजका यथार्थ चित्रण बढी भेटिन्छन् । ‘सत्याग्रह’मा भएका एघारैवटा कथामा समाजसँग ठोक्किएका पात्र छन् । कतै आफ्नै जस्तो लाग्ने, कतै हामीले देखेका पात्रझैं लाग्ने र कतै इतिहासमा सुनेका यथार्थ कहानीहरू कथारूपी शब्दका मालामा उनेका छन्, लाकोजूले । उनका कथामा असमान समाजका यथार्थ बिम्ब भेटिन्छन्, अन्याय र अत्याचारको जालोले ढाकेको हाम्रो समाजको चित्र भेटिन्छन्, हुने र नहुनेबीचको बढ्दै गएको दूरीले निम्त्याएको विकराल स्वरूप भेटिन्छन् । गणतान्त्रिक मुलुकमा पनि जनता रैती भएर बाँच्नुपरेका कैयौं घटना-परिघटना कथामा अटाएका छन् । प्रविधिले समाजमा ल्याएको विकृतिमाथि कथाकारले धावा बोलेका छन् । मानिस सामाजिक प्राणी भएर पनि असामाजिक बन्दै गएकोमा कथाकार चिन्तित मात्र छैनन्, यसलाई कसरी निर्मूल पार्न सकिन्छ भनेर कथामार्फत समाजमा चेतना छर्न व्यस्त छन् ।



प्रजातन्त्र ल्याउन लडेका, योगदान दिएका तथा शरीर अंगभंग पारेर जीवन चलाइरहेकाहरूका आवाज कथामार्फत लाकोजूले पोखेका छन् । स्वार्थी दुनियाँमा सत्यको लडाइँ लड्दै गर्दा सहादत भएका सहिदका परिवारका दुःखद कथा ‘सत्याग्रह’मार्फत आएका छन् । ‘सत्याग्रह’का एघार कथाले समाजमा भड्किरहेका तथा बाटो बिराएकाहरूका लागि मार्गनिर्देशन गरिरहेका छन् । लेखक आफैं यसै समाजसँग पौंठाजोरी गरेर बसेका पात्र हुन्, समाजका हरेक घटनाका साक्षी छन् उनी । यसैलाई उनले लिपिबद्ध गरेका छन् ।

लाकोजू समकालीन चेत भएका कथाकार हुन् । उनलाई वर्तमानले जब पिरोल्छ, तब कथा लेख्छन् भन्ने प्रमाण उनको कथासङ्ग्रह ‘सत्याग्रह’ले बोलेको छ । नेपाली राजनीतिको इतिहासमा वर्तमान पुस्ताले भोगेको एउटा दर्दनाक अवस्थाका साक्षी स्वयं लेखक पनि हुन् । त्यसैले आम मान्छेभन्दा लेखकले त्यो समाजलाई राम्ररी केलाउँन र मूल्यांकन गर्न सक्छ र फेरि त्यही समाजलाई सतर्क गराउँनका लागि साहित्यका विविध विधामार्फत सजग गराइरहन्छ । त्यसमध्ये नेपाली समाजलाई सजग गराउँनका लागि लाकोजूले कथा विधा रोजेका छन् ।

लाकोजू कथाकार मात्र होइनन्, कवि, सम्पादक, संस्कृतिकर्मी तथा बाल साहित्यकार पनि हुन् । उनका कथामा व्यस्त हुँदै गएको नेपाली समाज र यसले निम्त्याएको विकृतिको यथार्थ स्वरूप पनि भेटिन्छ । एघारओटै कथाले हाम्रो समाजको सही चित्रणका



> केही निजी, प्रादेशिक र जिल्ला अस्पतालले न्युरोसम्बन्धी सामान्य उपचार सेवा दिए पनि विशिष्ट सेवा दिन सकिरहेका छैनन् । यस्तो संकटको अवस्थामा आफूले न्युरोसम्बन्धी उपचार सेवा उपत्यकाबाहिर सुरु गरेको डा. केसीको भनाइ छ ।

पढ्ने वेला आन्दोलनमा

बाग्लुङ गलकोटमा जन्मिएका केसीले पढ्नकै लागि सानैदेखि अनेकन् दुःख खेप्नुपर्‍यो । गल्कोटबाट जिल्ला सदरमुकाम पुग्न एक दिन हिँड्नुपर्थ्यो । पढ्ने-लेख्ने त गाउँमा वातावरण नै थिएन । उनले गल्कोटकै नेपाल माविमा कक्षा ६ सम्म पढे । कक्षा ६ को पढाइ सक्नेबित्तिकै २०४६ को जनआन्दोलन सुरु भयो । उमेरले भर्खर ११ वर्ष टेकेका उनी त्यतिवेला हितमान शाक्यसँग कम्युनिस्ट बनेर हिँडे । पछि शाक्य माओवादी बने र उनले गाउँका बालबालिका बटुलेर जनयुद्ध लड्न तालिम दिन्थे ।

स्कुल पढ्ने उमेरमा छोरा नेतासँगै हिँडिरहेको देखेपछि उनका बुबा चिन्तित भए । त्यसपछि उनका बुबाले एकजना पण्डितसँग ८० हजार पैसा सापटी लिए । किताब-कापी बोक्ने झोलामा ८० हजार पोको पारेर तीन दिन हिँडेर बाबुछोरा पोखरा आइपुगे । त्यहाँबाट काठमाडौं आउने गाडी चढे । काठमाडौं आएपछि उनलाई बुबाले जेनतेन रविभवनमा रहेको ज्ञानकुञ्ज माविमा कक्षा ६ मा भर्ना गरिदिए । यहाँ आएर पढ्न थालेपछि उनी क्रमशः तेम्रो, दोम्रो हुँदै पहिलो भए । एसएलसीपछि उनी भारतको आन्द्र प्रदेशमा गएर प्लस टु अध्ययन गरे । त्यहाँबाट पढाइ सकेर नेपाल फर्किएपछि उनी मेडिकल शिक्षा पढ्न चीन गए । नेपालमा पढ्न १८ लाख रुपैयाँ बुझाउनुपर्थ्यो । महँगो भएपछि उनले एमबिबिएस पढ्न चीन नै जाने निर्णय गरे । एमबिबिएस सकेपछि उनी नेपालमै फर्किएर वीर अस्पतालमा जागिर सुरु गरे । त्यहाँ उनी न्युरो विभागमा काम गर्थे ।

उपकरणको अभाव

न्युरो सर्जनसम्बन्धी उपचार विधि खर्चिलो छ । यसका लागि चाहिने ल्याब तथा उपकरणमा पनि सरकारले पर्याप्त लगानी गरेको छैन । जसका कारण सरकारी अस्पतालमा न्युरोसम्बन्धी उपचार सेवा नपाएर बिरामीहरू निजीमा जान बाध्य छन् । यही उपचारका लागि चाहिने उपकरण भित्र्याउन सजिलो पनि छैन । डा. केसीले सर्जनका लागि चाहिने उपकरण ल्याउँदा निकै झन्झट पनि भोगे । संयोगवश उनका चिनियाँ शिक्षकले उनलाई करोडौँ पर्ने जर्मनी माइक्रोसकोप उपहार दिए । त्यसपछि बल्ल माइक्रो सर्जरीको सुरुवात गरेको डा. केसी बताउँछन् । उनको अनुभवमा सरकारी अस्पतालमा न्युरो वा अन्य रोगका बिरामीको अप्रेसन वा उपचार गर्न कठिन छ । भन्छन्, 'वीर अस्पतालमा काम गर्दा त्यस्तै समस्या झेलेको थिएँ ।' पछि उनले न्युरो सर्जन सेवालाई मोफसलमा सुरु गर्न थालेपछि माइक्रोसकोप किन्ने योजना बनाए । तर, नेपालमा किन्न निकै महँगो छ । यसको मूल्य अहिले पनि डेढ करोड पर्छ । मूल्य महँगो भएपछि डा. केसीले यो उपकरण बाहिरबाट ल्याए । यो उपकरणमा प्रयोग हुने एउटा ब्लबबाट पाँच सय घन्टासम्म अप्रेशन गर्न मिल्छ । उनले चौराह अस्पतालमा आठ वर्षमा दुई हजार सात सय न्युरोसम्बन्धी बिरामीको शल्यक्रिया गरिसकेका छन् ।

मध्यरातमा अप्रेसन

डा. केसीले जति बिरामीको चेकजाँच गरेका छन्, उनीहरू सन्तुष्ट हुन्छन् । सामान्यतया उनले ओपिडीमा दैनिक २० जना बिरामी हेर्छन् । तर, गम्भीर अवस्था र अप्रेसन नै गर्नुपर्ने बिरामी भए उनी दिनरात भनी काम गर्छन् । कहिलेकाहीं रातिसमेत अप्रेसन गर्नुपर्ने डा. केसी बताउँछन् । बिरामीको चाप भएका वेला दैनिक तीनजनासम्म बिरामीको अप्रेसन हुन्छ ।

कस्तो जीवनशैली अपनाउने ?

उनका अनुसार स्नायु प्रणाली मानिसको ठूलो सम्पत्ति हो । मानिसको स्नायु प्रणाली ठिक छ भने ऊ आफ्ना दैनिक कार्यकलाप सहजै गर्न सक्छ । तर, स्नायु बिग्रियो भने उसको जीवन नै नरकसरह हुन्छ । त्यसकारण स्नायु ठिक राख्न रहनसहनमा पनि ध्यान दिनु जरुरी रहेको डा. केसी बताउँछन् । मस्तिष्कमा समस्या आउन नदिन खानपान र रहनसहनकै प्रमुख भूमिका हुन्छ । उनका अनुसार शारीरिक अभ्यास पनि महत्त्वपूर्ण हुन्छ । मदिरा तथा धुम्रपान सेवन नगर्ने, पुग्दो मात्रामा शारीरिक अभ्यास गर्ने, समयमा सुत्ने, उठ्ने । धेरै गुलियो, पिरो, अमिलो खानेकुरा नखाने । उच्च रक्तचाप हुन नदिने हो भने न्युरोसम्बन्धी समस्याबाट जोगिन सकिन्छ ।

साथै विगतदेखि वर्तमानसम्मकै एउटा तितो यथार्थ उजागर गरेका छन् ।

लेखक पनि यही समाजको एउटा नागरिक भएका कारण उसले समाजका हरेक घटना सामना गरिरहेको हुन्छ, आममान्छेहरू मात्र मूकदर्शक बनेर रहन्छन् भने एउटा लेखकले समाजका संगत-असंगत पक्षलाई साहित्यका विविध विधामार्फत व्यक्त गर्छन् । हो लाकोजूले पनि त्यही गरेका हुन्, ठ्याक्कै समाजका बिम्बलाई कथामार्फत व्यक्त गरेर समाजलाई मार्गनिर्देशन गरिरहेका छन् । 'सत्याग्रह'का यी कथा यसैका उपज हुन् ।

संसारमा अनेक प्रकारका मान्छे बसेका छन् । कसैसँग कसैको स्वभाव मिल्दैन, अनुहार मिल्दैन, व्यवहार पनि मिल्दैन, भाषा र वेशभूषा पनि मिल्दैन, तर रगत सबैको रातो नै हुन्छ, रुने र हाँस्ने भाषा एउटै हुने गर्छ, मानवीय संवेदना एउटै हुने गर्छ । हो तिनै भूगोलका धेराबाट समग्र मानवीय चेतनाको संयुक्त आवाज लाकोजूले यो कथासङ्ग्रहमार्फत पोखेका छन् ।

लाकोजूको 'सत्याग्रह' पहिलो कथा सङ्ग्रह हो, कथा सरल छन्, प्रेमिल छन् । कतिपय कथामा वर्णन पक्षको बाहुल्य छ । द्वन्द्व र उपकथा कथाका मेरुदण्ड हुन्, यी पक्ष पनि केही कमजोर देखिए पनि समग्रमा कथा प्रेमिल, पठनीय र सन्देशमूलक छन् । कथायात्रामा लाकोजूलाई शुभकामना !

झ्याप्पै



चित्तौन कचेहेरी : चिन्तनको मूलधारमा निषेधित आवाज

'कचेहेरी'मा नयाँ दृश्य देखिए- सधैँ सडकमा देखिनेहरू सेसनमा बोलिरहेका थिए, सधैँ सेसनमा देखिनेहरू प्रेक्षालयमा सुनिरहेका थिए





विवेक पोखरेल
bibek.aadi8@gmail.com

रिपोर्ट

चित्तवनको नारायणी कला मन्दिरमा आयोजित 'चित्तौन कचेहेरी'को डबलीमा बसी डा. भानेश्वर पोखरेलले आफ्ना अनुभव सुनाइरहँदा प्रेक्षालयका दर्शकले एकछिन वैशाखको गर्मी भुलेका थिए । किनकि उनका अनुभव नै त्यस्तै थिए । पोखरेलले कुनै समय डेनमार्कमा मासिक आठ-दश लाख कमाउँथे । परदेशमा लाखौँ कमाइ भए पनि उनलाई चित्त बुझेन । युरोपको बसाइ, जीवनशैली सबथोक त्यागेर उनी नेपाल फर्किए, र सुरु गरे माडीमा प्रांगारिक कृषि फार्म तथा अनुसन्धान केन्द्र । कथित विकसित भनिएको देशमा युवाहरू भासिएपछि नफर्किने दुश्चक्रलाई पोखरेलले तोकेका थिए ।

डा. पोखरेलसँगै डा. अनन्त दाहाल र डा. कृष्णप्रसाद पौडेल वक्ताका रूपमा थिए । रश्मी श्री सिंहले सहजीकरण गरेको 'कृषिमा उद्यमशीलता : कर्म र मर्म' सेसनमा सबै वक्ताका अनुभव निकै गहकिला थिए । कृषिका चुनौती र कृषकका मर्ममाथि केन्द्रित यो सेसन निकै रुचाइयो ।

अर्को सेसन सुरु भयो, 'न्यायको लामो लडाइँ ।' यो सेसनले सबैको मन झस्कायो । आइतमाया चेपाङ र अनिता चेपाङले आफ्ना कथा सुनाउन थालेपछि हलमा सन्नाटा छायो । राप्ती नगरपालिका-२ पिप्ले मिलनचोक घर भएका राजकुमार २०७८ साउन १ मा साथीहरूसँगै माछा मार्न र निउरो टिप्न राप्ती तरेर चितवन निकुञ्ज जाँदा सेनाले गैरकानुनी रूपमा निकुञ्ज आएको भन्दै आइतमायाको छोरासहित उनका साथीहरूलाई कुटेको थियो । सेनाको कुटाइले राजकुमारको ज्यान गयो । सबैका सामु आफ्नो छोरा गुमाएको पीडा आइतमायाले पोख्न सकिनन् । उनी बोल्न नसकी स्तब्ध हुँदा धेरैका आँखा रसाएका थिए ।

माडी चौकीडाँडाकी ४६ वर्षीया अनिता चेपाङको कथा उस्तै थियो । दुई दशकअघि निकुञ्जका एक सैनिकसँग उनको प्रेम सम्बन्ध रहन गयो । सैनिकले अनितालाई बिहे गर्ने विश्वास दिलायो र गर्भवती बनाई बेपत्ता भयो । छोरी लिएर श्रीमान् खोज्दै वर्षौं हिँडिन् । न्यायको लडाइँमा उनी मात्रै थिइनन्, उनीजस्तै १८६ जना पीडित महिलाले सैनिकपीडित संघ नै खोले । अनिताले न्यायका लागि लडेको संघर्ष सुनाइरहँदा पनि हल स्तब्ध भएको थियो । उनीहरूसँगै सेसनमा सहभागी सन्तोष बोट, हिरादेवी चौधरी, रामजीवन महतो र लक्ष्मी महतोको पनि संघर्ष कम थिएनन् । उनीहरू मञ्चमा बोलिरहँदा यस्तो लाग्थ्यो, बोल्नुपर्ने खास मानिसले बोलिरहेका छन् ।

कला, साहित्य, संगीतको पुरानो धरोहरका रूपमा रहेको चितवनको नारायणी कला मन्दिरमा वैशाख अन्तिम हप्ता यस्तै-यस्तै विषयका फरक दृश्य देखिए । सधैँ गीत, संगीतमा रमाउनेको भिड देखिने यहाँ मानिसहरू विचार मन्थनको उत्सवमा सहभागी थिए । थारू समुदायको शब्दबाट नामकरण भएको 'चित्तौन कचेहेरी'मार्फत किनारामा पारिएका मानिसका मुद्दालाई सामाजिक चिन्तनको मूल धारमा प्रकट गर्न आयोजकले यो उत्सव आयोजना गरेको थियो । 'चित्तौन कचेहेरी'को अर्थ 'चितवनको सभा' हुन्छ ।

> चितवनका विभिन्न आन्दोलनमा सडकमा देखिने, तर सधैँ राज्यले उपेक्षामा राखेको बोटे, चेपाङ, थारूलगायत आदिवासी जनजाति, दलित समुदायका व्यक्ति वक्ताका रूपमा थिए । त्यस्तै, सम्भवतः चितवनको साहित्यिक महोत्सवमा पहिलोपटक मधेसबारे चर्चा भयो ।

चितवनका विभिन्न आन्दोलनमा सडकमा देखिने, तर सधैँ राज्यले उपेक्षामा राखेको बोटे, चेपाङ, थारूलगायत आदिवासी जनजाति, दलित समुदायका व्यक्ति वक्ताका रूपमा थिए । त्यस्तै, सम्भवतः चितवनको साहित्यिक महोत्सवमा पहिलोपटक मधेसबारे चर्चा भयो । भोला पासवान, डा. रामजी राम, अञ्जु झा वक्ता रहेको सभालाई पत्रकार तथा लेखक चन्द्रकिशोरले सहजीकरण गरेका थिए । अहिलेको संघीयता मधेसी समुदायको हितमा नरहेको वक्ताहरूले बताइरहँदा भोला पासवानले वर्तमान संघीयतालाई इन्जिनविनाको गाडीको संज्ञा दिए । उनले भनेका थिए, 'मधेसका लागि यो संघीयता इन्जिनविनाको गाडीजस्तै भएको छ । आवाजमा मात्रै समावेशी छ, व्यवहारमा छैन ।' वक्ता अञ्जु झाले मधेसका दल र नेताहरूमा वैचारिक विचलन देखिएको बताइन् । मधेस आन्दोलनमा महिलाको भूमिकालाई राज्यले देख्न नसकेको उनको भनाइ थियो । डा. रामजी रामले मधेस आन्दोलनले मात्रै मधेसी समुदायको समस्या समाधान गर्न नसक्ने र त्यसभित्र पनि दलित तथा उत्पीडित समुदाय झन् समस्यामा रहेको बताए । 'मधेसको आन्दोलन सकिएपछि म दलित हुन्छु । मैले त्यो आन्दोलनबाट अधिकार पाउँदिनँ । मैले फेरि दलितका लागि आन्दोलन गर्नुपर्छ,' उनले भने, 'त्यस्तो अवस्थामा म कुनचाहिँ पहिचान बोकेर जाने भन्ने प्रश्नले सताउँछ ।'

त्यस्तै अर्को सानदार सेसन थियो, 'जब्बर जात व्यवस्था : समाज अघि बढ्दै छ कि पछि ? ।' राजनीतिकर्मी रूपा सुनारले भनिन्, 'पुस्तौँदेखि विभेद भोगिरहेको दलित समुदायले अहिले पनि विभेद भोग्दै छ । यद्यपि अहिले विभेदको प्रकृति फरक छ । यसबाटै उन्मुक्तिका लागि कम विभेदको आशामा धर्म परिवर्तन भइरहेको छ । जात व्यवस्था उन्मूलन हुन्छ भनेर धर्म परिवर्तन गर्नु तावाको माछा भुंग्रोमा पर्नु जस्तै हो ।' उनले दलित मुक्तिका लागि सोच र व्यवहारमा परिवर्तन गर्नुपर्ने धारणा राखिन् ।

सामाजिक अभियानकर्मी विकास विश्वकर्माले ऐन-कानुन बने पनि विभेद हट्न नसकेको बताए । लेखक एवं अध्येता शिवहरि ज्ञवालीले परिवार र समाजले नै जातीय भेदभाव गर्न सिकाएको बताउँदै थिए । उनले दलित आन्दोलनमा चितवनको योगदानबारे सविस्तार वर्णन गरे । यो सेसनको सहजीकरण कवि मनोज लोहारले गरेका थिए ।

'विकासमा कहाँ छुटे आदिवासी ?' शीर्षकको सेसन पनि त्यस्तै भव्य भयो । वक्ताहरूले नेपालको वर्तमान विकास निर्माणले आदिवासी जनजातिको हक-अधिकारलाई वञ्चित गराएको बताए । वीरेन्द्र महतोले सहजीकरण गरेको सभामा अधिकारकर्मी तथा कवि इन्दु थारूले नेपालको विकास आदिवासी जनजातिको पहुँचविपरीत रहेको बताइन् । 'गाउँमा मोटर बाटो खुल्यो, गाडी गुड्यो, तर, त्यही गाडी चढ्न सक्ने हैसियतमा त्यहाँका आदिवासी जनजाति छन् कि छैनन् भन्ने कुरा राज्यले बुझेन,' उनले भनिन्, 'अनि कसरी भयो आदिवासी जनजातिका लागि विकास ?'

अध्यापक सञ्जय महतोले चितवन राष्ट्रिय निकुञ्जबाट आसपासका आदिवासी जनजाति समस्यामा परेको बताए । निकुञ्जलाई मानवरहित बनाउने निकुञ्ज ऐनले पुस्तौँदेखि बस्दै आएका यहाँका आदिवासी जनजाति समुदायलाई अधिकारबाट वञ्चित गराउँदै मर्नसम्म बाध्य बनाइएको उनको भनाइ थियो । सेसनमा सहभागी सुनिमाया चेपाङले विकास र निकुञ्ज ऐन दुवैबाट चेपाङ समुदाय नराम्ररी प्रभावित भएको बताइन् । जल, जमिन र जंगलमा आश्रित हुनुपर्ने जाति र समुदायलाई नै सबै अधिकारबाट वञ्चित गराउँदा त्यसबाट पर्ने असरबारे राज्यले ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

लेखक तथा पत्रकार वसन्त बस्नेतले सहजीकरण गरेको 'नयाँ युगको राजनीति : विचार कति, व्यवहार कति ?' विषयक सेसनमा सांसद सोविता गौतम, लेखक केशव दाहाल र गुणराज लोहनी वक्ताका रूपमा सहभागी थिए । उनीहरूले राजनीतिमा विचार र व्यवहार दुवै महत्त्वपूर्ण हुने बताए ।

दुई दिनसम्म चलेको कचहेरीमा 'घर गाउँको सिंहदरबार : कति विकास, कति शासन ?' महिलामाथिको हिंसा : यथार्थ र भाष्य', 'पानी र पर्यावरण : नदी र भूमिगत जलाधारको दुर्दशा', 'यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय अस्तित्व र आत्मसम्मानको खोजी', 'कसरी लेखिँदै छ चितवनको आख्यान ?', 'रैथाने भाषाको साहित्य', 'चितवन : हिजो, आज र भोलि'लगायत १४ विषय थिए ।

यो उत्सवको अर्को महत्त्वपूर्ण पक्षलाई छुटाउने मिल्दैन । त्यो हो, महिला लेखक तथा अधिकारकर्मीको विद्वत् प्रवचन । आजसम्मको साहित्यिक महोत्सवमा प्रायः पाका उमेरका पुरुष वक्ता नै 'कि नोट स्पिकर'का रूपमा सहभागी भएको देखिन्छ । अझ सेसनमा महिला हुनुपर्छ भन्ने आवाज उठेपछि मात्रै महिलालाई सेसनमा राखिन्छ । 'चित्तौन कचेहेरी'मा अधिकारकर्मी तथा साहित्यकार राधा पौडेलले विद्वत् प्रवचन दिइन् । उनले साहित्य, समाज र महिला हिंसाको विषयमा प्रवचन दिइन् । निकै लामो समयदेखि मर्यादित महिनावारीबारे पैरवी गर्दै आएकी उनले आफ्ना अनुभवसँगै वैचारिक विषयबारे बोलिरहँदा सहभागी निकै उत्साहित भएर सुनिरहेका थिए ।

पहिलो दिन अन्जान प्रदीपले निर्देशन गरेको 'थाहा ?' नाटक पनि कचहेरीमा प्रर्दशन गरियो । सशस्त्र युद्धमा बेपत्ता पारिएका नागरिकहरूको सम्झनामा उक्त मञ्चन गरिएको थियो । दोम्रो दिन प्रदीपकै 'स्वप्न वयान' नाटक मञ्चन गरियो । पहिलो दिन देशका विभिन्न स्थानबाट चितवन पुगेका २२ जना कविहरूले कविता वाचन गरेका थिए भने दोम्रो दिन ६ जना चर्चित गजलकारहरूले गजल वाचन गरी कचहेरीको समापन गरेका थिए ।

यही उत्सवमा चितवनकै लेखकले लेखेका दुइटा पुस्तक पनि सार्वजनिक भए । चेपाङ बालबालिकाका लागि शैक्षिक अभियान चलाउँदै आएका चितवन रत्ननगरका केपी किरण शर्माले लेखेको किताब 'भुमरी' र डा.जीवन क्षेत्रीको पुस्तक 'नुन-तेल'को गृह विमोचन पनि भयो ।

हलबाहिर विभिन्न लेखकका पुस्तक राखिएका थिए । आएका अतिथिलाई मौलिक सेलरोटी र थारू परिकारहरू ढिक्री, चिचर, घोंगी, बेलको जुस, माछाका विभिन्न परिकारको व्यवस्था पनि आयोजकले गरेको थियो ।

'चित्तौन कचेहेरी'को संयोजक एवं उत्सव निर्देशक सरिता तिवारीले दुईदिने उत्सवले जातीय, क्षेत्रीय, लैंगिक आदि हिसाबले किनारमा परेकाहरूको मुद्दा उठाउन सकेको बताइन् । 'देशमा अपार बौद्धिक सम्पत्ति छ, तर समाजले सबैको आवाज सुनेको छैन,' उनले भनिन्, 'हाम्रो प्रयास थुनिएका र चर्को स्वरले निषेध गरेका आवाजलाई चिन्तनको मूलधारमा ल्याउनु हो । मान्छेका जीवन-मरणका विषय उठान गर्नु हो ।' तिवारीले यो उत्सवलाई वैकल्पिक विचार केन्द्र निर्माण गर्ने थलोको रूपमा विकास गर्ने बताइन् ।

काठमाडौँभन्दा बाहिर हुने अधिकांश साहित्यिक महोत्सवमा काठमाडौंबाटै वक्ताहरू जाने र स्थानीयले सुन्नेजस्तो देखिन्थ्यो । तर, चितवन कचेहेरीमा यसको ठिक उल्टो देखियो । तिवारी भन्छिन्, 'हामीले स्थानीय विषय र स्थानीय वक्तालाई जोड दियौं । समुदायले बोल्ने र बाहिरबाट आएका वक्ताहरूले सुन्ने काम यसपटक भयो । सबैको साथ र सहयोगले कार्यक्रम सफल भयो ।'

चितौन कचेहेरीको दोम्रो संस्करण आउँदो हिउँदमा गर्ने महोत्सवका सह-निर्देशक जीवन क्षेत्रीले जानकारी दिए । त्यो संस्करणमा किनारमा पारिका अझै धेरै मानिस समेट्ने उनले सुनाए ।

'मन्थन', 'डबली द स्पेस', 'दलित युवा जागरण मञ्च नेपाल', 'बेटर चितवन', 'युथ पोलिटिकल फोरम' र 'नारायणी कला मन्दिर'को संयुक्त आयोजनामा 'चित्तौन कचेहेरी' भएको थियो ।

दाङ र संखुवासभामा भएका दुर्घटनामा दुईको मृत्यु, ११ घाइते

संखुवासभा/ खाँदबारी नगरपालिका- ८ विष्णुधारानजिकै ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। शुक्रबार बिहान करिब ८ बजेतिर भएको दुर्घटनामा खाँदबारी- १ ढोलबाजेका ६३ वर्षीय यज्ञबहादुर तामाङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरक्षक सरोज खनालले जानकारी दिए। उनको अनुसार को.२त ३२१६ नम्बरको ट्र्याक्टर ग्यारेजबाट कोसी राजमार्गको सडकमा निकाल्न ब्याक गर्ने क्रममा तामाङ किचिएका थिए। उनको जिल्ला अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो। मकालु- २ घर भएका ट्र्याक्टरचालक तीर्थ तामाङ घटनापछि फरार भएका छन्।

दाङ/ लमही नगरपालिका- ३ को फाल्कापुरमा विपरीत दिशाबाट आएका बस आपसमा ठोक्किएर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। दुर्घटनामा ११ जना घाइते भएका छन्। लमहीबाट भालुवाङतर्फ जाँदै गरेको लु.२ख ७८५ नम्बरको बस र वीरगन्जबाट दाङको तुलसीपुर आउँदै गरेको ना.५ख ४८९८ नम्बरको बस एक-आपसमा ठोक्किएका हुन्। मृत्यु हुनेमा रोल्पाको रुन्टीगढी-७ की ४२ वर्षीया शोभा परियार रहेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी प्रवक्ता राजनकुमार गौतमले जानकारी दिए। बाराबाट ईंटाभट्टामा काम गरी रोल्पा फर्किँदै गरेका मजदुर सवार बस दुर्घटनामा परेको हो।

सशस्त्र प्रहरीको इन्स्पेक्टर पदमा मागभन्दा कम उत्तीर्ण

काठमाडौं/ सशस्त्र प्रहरी बलको प्रहरी निरीक्षक (इन्स्पेक्टर) पदको भर्नामा मागभन्दा कम उत्तीर्ण भएका छन्।

शुक्रबार लोकसेवा आयोगले सार्वजनिक गरेको लिखित परीक्षाको नतिजाअनुसार कानुन उपसमूह तथा विभिन्न आरक्षणका कोटामा मागभन्दा कम उत्तीर्ण भएका हुन्।

कानुन उपसमूहअन्तर्गत चारजना माग भएकोमा एकजना मात्र उत्तीर्ण भएका छन्। साधारण उपसमूहतर्फ महिलाको कोटामा ६ जना माग भएकोमा चारजना मात्र लिखित परीक्षामा सफल भएका छन्।

त्यस्तै, मधेसीतर्फ १० जनाको कोटामा चारजना, दलिततर्फ पाँचजनाको कोटामा दुई तथा अमर-अशक्त प्रहरीका सन्तानलाई छुट्याइएको एक पदमा कोही पनि उत्तीर्ण भएका छैनन्। साधारण उपसमूहतर्फ खुलातर्फ भने ३८ जनाको माग भएकोमा ४७ जना उत्तीर्ण भएका छन्।

आदिवासी जनजातितर्फ नौमा नौजना तथा पिछडिएको क्षेत्रको दुई कोटामा दुईजना सफल भएका छन्। सुरक्षा निकायका कतिपय भर्नामा आवेदन नै कम पर्ने र मागभन्दा लिखित परीक्षामा कम उत्तीर्ण हुने प्रवृत्ति विगतदेखि नै छ।

भ्रष्टाचारविरोधी प्रदर्शन जारी

विराटनगर/ विराटनगरमा निरन्तर रूपमा भ्रष्टाचारविरोधी प्रदर्शन चलिरहेको छन्। बृहत् नागरिक समाजले सुरु गरेको भ्रष्टचारविरोधी आन्दोलनमा निरन्तर सहभागिता बढिरहेको छ। सरकारका उच्चपदस्थ पदाधिकारी र कर्मचारीको मिलेमतोमा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगी गरिएको घटना सार्वजनिक भएपछि विराटनगरवासीले दश दिनदेखि प्रदर्शन गर्दै आएका छन्।

नागरिक समाजको ब्यानरमा नागरिक अगुवाहरू, विभिन्न पेसाकर्मी तथा विभिन्न



राजनीतिक दलका नेता-कार्यकर्ता दैनिक रूपमा अपराह्न ५ बजे विराटनगरको मुख्य ट्राफिक चोकमा भेला भई धर्ना र प्रदर्शन गर्ने गरेको अभियन्ता सूर्यराज राईले बताए।

कर्णालीमा बर्खे अधिवेशन आह्वान

सुर्खेत/ कर्णाली प्रदेशको बर्खे अधिवेशन आह्वान भएको छ। प्रदेश प्रमुख तिलक परियारले शुक्रबार संविधानको धारा १८३ को उपधारा (१) बमोजिम १० जेठ बुधबार दिउँसो ३:०० बजेका लागि अधिवेशन आह्वान गरेका हुन्। प्रदेश सरकारले बिहीबार अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो। यो अधिवेशनलाई बजेट अधिवेशनका रूपमा लिइनेछ। अधिवेशनले आगामी आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम र बजेट पारित गर्नेछ।

बाल यौन दुर्व्यवहार आरोपमा पक्राउ

ओखलढुंगा/ बाल यौन दुर्व्यवहारको आरोपमा मोलुङ गाउँपालिकाका कृषि शाखा प्रमुख विनोद कटुवाल पक्राउ परेका छन्। पीडितको उजुरीका आधारमा कटुवाललाई प्रहरीले पक्राउ परेको हो। कटुवालमाथि सुनकोशी गाउँपालिकाकी एक १६ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोप लागेको छ। बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालय ओखलढुंगामा दिएको जाहेरीका आधारमा कटुवाललाई पक्राउ गरिएको प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिए। कटुवाल केही दिनदेखि फरार थिए। कटुवालले आफ्नै घरमा काम गर्न बोलाएर गत १७ मंसिरमा बालिकालाई अश्लील भिडियो देखाई दुराचार गरेको आरोप छ। ओखलढुंगा जिल्ला अदालतबाट सात दिनको म्याद लिएर घटनाबारे अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजना
धुलिखेल, काभ्रेपलाञ्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८०/०२/०६

यस आयोजनाको मिति २०७९/१२/०७ गतेको बोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मा तपशिल बमोजिमको ठेक्कामा तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७, उपदफा २ बमोजिक सोही ऐनको दफा ४७ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कार्यको विवरण	छनौट भएका बोलपत्रदाताको नाम	कबोल रकम रु. (मू.अ.कर सहित)
1	SDSBR/337310113/079/80-13	Road protection Works Dhulikhel-Nepalthok-Khurkot Section (Chainage 76+650-105+000)	Siddhakali/Dahal JV	2,46,94,292.28

आयोजना प्रमुख

धितोमा रहेको चल, अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारेको प्रथमपटक सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०/०२/०६ गते)

तपशिलबमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहायबमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तर, ताकेता तथा कर्जा बुझाउनेबारे २१ (एक्काइस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नु हुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५ (पैंतीस) दिन भत्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल, अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधिअनुसार देहायबमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्तअनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल, अचल सम्पत्ति बैंक आफैंले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल आषाढ महिना १० गते (ग्रा.नं. १)
सम्बन्धित कार्यालय तथा लिलाम हुने स्थान : मुख्य शाखा कार्यालय, पृथ्वीचोक, पोखरा

ग्राहकको विवरण
१. ग्राहकको नाम : तमु निर्माण सेवा, प्रो.समबहादुर गुरुङ
दर्ता भएको कार्यालय : जिल्ला पिकास समितिको कार्यालय, स्याङ्जा
फर्म/कम्पनीको दर्ता नं. १०२/०७२/०७३ दर्ता मिति : २०७२/०५/१३ पान नं. ६०३४१०१५०

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल वर्ग मि.	न्यूनतम मूल्य रु.	फोटो
फर्म ओ.डी.	चन्द्रकुमारी गुरुङ	कास्की	पोखरा उ.म.न.पा.	१५	३०	२१९।२०	९७,००,०००/-	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
समबहादुर गुरुङ	ठुलाडिही ५, स्याङजा	९३५२	स्याङजा/२०४९/०७/३० जिल्ला प्रशासन कार्यालय, स्याङ्जा	मिन बहादुर गुरुङ	

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
चन्द्रकुमारी गुरुङ	ठुलाडिही ५, स्याङजा	२२१५२	स्याङजा २०५१/१२/०६ जिल्ला प्रशासन कार्यालय, स्याङजा	सम बहादुर गुरुङ	मिन बहादुर गुरुङ

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल आषाढ महिना १० गते (ग्रा.नं. २)
सम्बन्धित कार्यालय तथा लिलाम हुने स्थान : मुख्य शाखा कार्यालय, पृथ्वीचोक, पोखरा

२. ग्राहकको नाम: एम पि ए किराना पसल, प्रो. मित्र प्रसाद बराल
दर्ता भएको कार्यालय : नेपाल सरकार, उद्योग मन्त्रालय/वाणिज्य विभाग
फर्म/कम्पनिको दर्ता नं. २०४९९/०७७/०७८ दर्ता मिति : २०७७/०८/०७ पान नं. ६१४२७२९६१

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं	क्षेत्रफल रोपनी	न्यूनतम मूल्य रु.	फोटो
व्यापार र फर्म ओ.डी.	मित्र प्रसाद बराल	कास्की कास्की कास्की	लुकुमस्वारा लुकुमस्वारा लुकुमस्वारा	४ ४ ४	९०१ ८९९ ९०३	०।७।०।० ०।१३।०।००। ४।०।०	४१,५०,०००/-	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
मित्र प्रसाद बराल	पुम्दीभुम्दी ४, कास्की	४८९१६	कास्की /२०५३/०८/०५ जिल्ला प्रशासन कार्यालय, कास्की	कुलप्रसाद बराल	तारापती बराल

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
रमादेवी त्रिपाठी बराल	पोखरा म.न.पा. २२, कास्की	४४।०१।७३।०९१९४	कास्की/२०७३/१०/०६ जिल्ला प्रशासन कार्यालय, कास्की	मित्र प्रसाद बराल	कुलप्रसाद बराल

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण:

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
आषिष बराल	पोखरा म.न.पा. २२, कास्की	०४६-०१।७३।०५९००	कास्की/२०७३/०७/०२ जिल्ला प्रशासन कार्यालय, कास्की	मित्र प्रसाद बराल	कुलप्रसाद बराल

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल आषाढ महिना ११ गते (ग्रा.नं. ३)
सम्बन्धित कार्यालय तथा लिलाम हुने स्थान : मुख्य शाखा कार्यालय, पृथ्वीचोक,पोखरा

३. ग्राहकको नाम : भेडीफर्म एग्रो भिलेज प्रा.लि., अ.सं. चन्द्र परियार
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्टारको कार्यालय, काठमाडौं
फर्म/कम्पनिको दर्ता नं. १४७३४९/०७२/०७३ दर्ता मितिः २०७२/१२/१९ पान नं. ६०४२४१२३६

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	न्यूनतम मूल्य रु.	फोटो
फर्म ओ.डी.	भेडी फर्म एग्रो भिलेज प्रा.लि.	रुपन्देही	गजेडी	८	२०९ ४१	१९७२।५ ०।९।१।३ रो.	७२,२३,२१४/-	
	अ.सं. चन्द्र परियार	कास्की कास्की	आर्वा बिजय आर्वा बिजय	२ २	१३२	०।३।०।० रो.		
	चन्द्र परियार	कास्की कास्की कास्की	छिनेडाँडा छिनेडाँडा छिनेडाँडा	६ ६ ६	३३९०२ ३४३४० ३४३४३	०।०।०।१ ०।५।३।० ०।०।१।३		

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
चन्द्र परियार	ठुलीपोखरी ३, पर्वत	५११०१४।९	पर्वत/२०६३/१२/ जिल्ला प्रशासन कार्यालय, पर्वत	बिनोद परियार	काजीमान दर्जी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बुबाको नाम	बाजे/ससुराको नाम
विनोद परियार	ठूलीपोखरी ३, पर्वत	५११०१४।८	पर्वत/२०६३/१२/०२ जिल्ला प्रशासन कार्यालय, पर्वत	काजीमान दर्जी	दिने दर्जी

तपशिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल आषाढ महिना ११ गते (ग्रा.नं. ४)
सम्बन्धित कार्यालय तथा लिलाम हुने स्थान : मुख्य शाखा कार्यालय, पृथ्वीचोक, पोखरा

४. ग्राहकको नाम: निशान राइस मिल, प्रो.हरि नारायण श्रेष्ठ
दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय/घरेलु तथा साना उद्योग कार्यालय
फर्म/कम्पनीको दर्ता नं. ४९९०/०६१/०६२ दर्ता मिति : २०६२/०२/१६ पान नं. ३०१८८७६३८

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा	वडा नं.	कि.नं.	क्षेत्रफल	न्यूनतम मूल्य रु.	फोटो
मिल सञ्चालन र फर्म ओ.डी.	हरि नारायण श्रेष्ठ	कास्की	पोखरा	१६	१३९	१०६ वर्ग मि.	७८०००००।-	

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
हरि नारायण श्रेष्ठ	पोखरा १६, कास्की	१०४१	कास्की /२०४७/०६/३१ जिल्ला प्रशासन कार्यालय, कास्की	जीबनारायण श्रेष्ठ	ओमकार

शर्तहरू

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३(तीन) जना व्यक्ति/संस्थाहरूले भाग लिएको हुनु पर्नेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १०(दश) प्रतिशत हुने रकम धरौटीबापत त्यसै दिन सम्बन्धित बैंकमा सम्पर्क गरी जम्मा भएको हुनु पर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन।
६. डाँक बढाबढको सुरुवात अंक उक्त चल ,अचल सम्पत्तिको मूल्यांकनबाट सुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लिमिटेड
कानुन तथा कर्जा असुली विभाग
मुख्य कार्यालय,रामशाहपथ, काठमाडौं

अर्थ पत्रिका

शनिबार ६ जेठ ०८०, www.nayapatrikadaily.com nayapatrikaofficial @naya_patrika

दुई वर्षमा पाँच लाखलाई रोजगारी, पर्यटन दशक घोषणा

नवीन, मिलन, भोजराज

सरकारले अर्थतन्त्रसम्बन्धी केही नयाँ योजनासहित पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्ष ०८०/८१ नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत नीति तथा कार्यक्रममा आगामी दुई वर्षमा पाँच लाख रोजगारी सिर्जना गर्नेदेखि पर्यटन दशक घोषणा गर्नेसम्म उल्लेख छ।

'युवासँग सरकार, हुनेछैनन् बरोजगार' अभियानअन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख आन्तरिक रोजागरी थप गर्ने सरकारको नीति छ। त्यसका लागि निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरिने नीति छ। साथै, ०८० को दशकलाई पर्यटन दशक र सन् ०२५ लाई पर्यटन वर्षका रूपमा मनाउने नीति सरकारले ल्याएको छ।

सरकारले आव ०८१/८२ देखि कार्यान्वयनमा आउने गरी सामाजिक र आर्थिक रूपान्तरणका लागि समतामूलक एवं समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने ढाँचामा १६औँ आवधिक योजना तर्जुमा गरिने नीति पनि उल्लेख छ।

यस्तै, राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाउने बताएको छ। त्यसका लागि विद्यमान कर प्रणालीमा पुनरावलोकन गर्ने, राजस्वको दायरा विस्तार गर्ने, सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा आबद्ध गर्ने सरकारको नीति छ। साथै, राजस्व चुहावट, न्यून बिजकीकरण, हुन्डी, अवैध कारोबारमा लगानी तथा राष्ट्रिय पुँजी पलायनलाई कडाइका साथ नियन्त्रण गरिने नीति छ।

सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यान्वयन क्षमतामा सुधार गरिने नीति पनि सरकारले ल्याएको छ। तीनै तहको सरकारको बजेट निर्माणदेखि कार्यान्वयन प्रक्रियासम्मको पुनरावलोकन गरी पुँजीगत खर्च वृद्धि गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

साथै, सरकारी खर्चमा मितव्ययिता कायम गरिने, विनियोजन जवाफदेहितालाई कडाइका साथ लागू गरिने, आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमुखी बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ।



● एक टोल, एक सामूहिक कृषि नीति

सरकारले एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्रको नीति ल्याउने भएको छ। प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक-एकवटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। सरकारले आफ्नो नीति तथा कार्यक्रममा उल्लेख गरेअनुसार कृषि क्षेत्रमा आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्ने योजना ल्याएको हो।

त्यस्तै, कृषि कर्जा कार्यक्रमलाई पुनरावलोकन गरिनुका साथै साना तथा सीमान्तीकृत किसानहरूलाई योगदानमा आधारित वर्गीकृत किसान पेन्सन योजनाको अवधारणा पुनः अघि बढाइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। खाद्यसम्बन्धी प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरोन्नति गरिने सरकारको योजना छ। आगामी वर्षको नीति तथा कार्यक्रममा रासायनिक मल कारखाना खोल्ने विषयलाई पनि पुनः दोहोऱ्याइएको छ। यसै वर्षदेखि सामुदायिक वनक्षेत्रमा निश्चित मापदण्ड र अनुगमन प्रणालीसहितको कार्यविधि अपनाई परीक्षणका रूपमा हरिण, मृग, बँदेल, कालिजजस्ता वन्यजन्तु र पक्षीहरूको नियन्त्रित व्यावसायिक पालन सुरु गर्ने सरकारको नीति रहेको छ।

● पूर्वाधार बन्द जारी हुने

अन्तर्राष्ट्रिय विकास सहायता परिचालनलाई राष्ट्रिय गौरवका रणनीतिक, रूपान्तरणकारी र उच्च प्रतिफलयुक्त आयोजनाहरूको सञ्चालनमा केन्द्रित गरिने नीति पनि सरकारले ल्याएको छ। सार्वजनिक ऋणको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्न ऋणको आयोजनागत विनियोजन गरिनेछ। वैदेशिक लगानी आकर्षणका लागि ग्रिन बन्ड, पूर्वाधार बन्ड र अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त हुने सहुलियतपूर्ण ऋण परिचालन गरिने नीति सरकारले ल्याएको छ।

राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनाको कार्यान्वयनमा प्राथमिकता दिने सरकारको नीति छ। आयोजना वर्गीकरण निर्देशिकाबमोजिम तीन तहमा सञ्चालन हुने आयोजनाको वर्गीकरण गरी बजेट व्यवस्था गरिने सरकारको भनाइ छ।

● राष्ट्रिय राजमार्गमा पर्ने नदीमा सिग्नेचर ब्रिज

सरकारले आगामी तीन वर्षमा स्थानीय तहको केन्द्रलाई सम्बन्धित प्रदेशको राजधानी वा नजिकको राष्ट्रिय राजमार्गसँग पक्की सडकले जोड्ने नीति ल्याएको छ। साथै, आगामी वर्ष हुम्ला जिल्ला सदरमुकामलाई राष्ट्रिय सडक सञ्जालमा जोडिने पनि सरकारले घोषणा गरेको छ। यसका अलावा आगामी तीन वर्षभित्र बढीमा एक घन्टा हिँडाइको दूरीमा एक झोलुंगे पुल निर्माण गर्ने नीति पनि सरकारले ल्याएको छ। राष्ट्रिय राजमार्गमा पर्ने ठूला नदीहरूमा आवश्यकतानुसार सिग्नेचर ब्रिजहरूको निर्माण गर्ने नीति पनि सरकारले ल्याएको छ। यसका अलावा राष्ट्रिय राजमार्गहरूमा सुरुङमार्ग, फ्लाई ओभर तथा अन्डरपाससहितको आधुनिक सडक सञ्जाल विस्तार तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ।

यस्तै सडक यातायात, रेल, जलमार्ग र हवाई क्षेत्रलाई समेट्ने गरी एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिने सरकारको नीति छ। सार्वजनिक यातायात व्यवस्थापनमा संघ र प्रदेशको भूमिका स्पष्ट हुने गरी राष्ट्रिय यातायात नीति तथा संघीय यातायात विधेयक तर्जुमा गरिने उल्लेख छ। रेल यातायातसँग सम्बन्धित बोर्ड, कम्पनीलगायतका सबै संरचनालाई एकीकृत गरिने नीति पनि ल्याइएको छ। निजी तवरमा सार्वजनिक यातायात सेवा प्रदान गर्दै आएका राइडर सेवाप्रदायक सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गरिने सरकारको नीति छ। यस्तै, प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा मुख्य सहरहरूमा मेट्रो रेल, मोनो रेल तथा ट्राम निर्माण तथा सञ्चालनको अध्ययन गर्ने नीति पनि सरकारले ल्याएको छ। कोसी, गण्डकी, कर्णाली, भेरीलगायतका प्रमुख नदी प्रणालीमा जलमार्गको विकासका निम्ति आवश्यक योजना निर्माण गरिने नीति पनि सरकारले ल्याएको छ।

● पुँजी बजारमा एनआरएन

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानी खुला गर्ने भएको छ। त्यस्तै, वैदेशिक रोजगारीमा जाने युवाहरूलाई सरकारी ऋणपत्रका साथै निजी क्षेत्रका आयोजनाको प्राथमिक सेयरमा लगानी गर्न प्रेरित गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पहुँचलाई देशको विकास र समृद्धिसँग जोड्न विशेष कार्यक्रम सञ्चालन गरिने भएको छ। त्यस्तै, पुँजी बजारलाई संरचनात्मक सुधार गरेर लैजान उल्लेख गरेको छ।

● बन्द उद्योग सञ्चालन गरिने

सरकारले गोरखकाली रबर उद्योग, हेटौंडा कपडा उद्योग र बुटवल धागो कारखाना पुनः सञ्चालनमा ल्याउने भएको छ। लामो समयदेखि बन्द तथा रुग्ण उद्योग सञ्चालन, खारेजी, एकीकरण वा आवश्यक व्यवस्थापनको विषयमा अध्ययन गर्न एक उच्चस्तरीय अध्ययन समिति गठन गर्ने नीति तथा कार्यक्रममार्फत घोषणा गरिएको छ।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन र उपयोग गर्ने नीति लिइने घोषणा गरिएको छ। सरकारले लगानीयोग्य पुँजीको अभावमा उद्यमशीलता निरुत्साहित हुने अवस्थाको अन्त्य गर्दै सुरुवाती व्यवसाय गर्न आवश्यक पर्ने बिउपुँजी सहुलियतपूर्ण ब्याजदरमा उपलब्ध गराउने भएको छ।

सरकारले फेरि पनि २० प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तुहरू खरिद गर्ने प्रबन्ध मिलाउने घोषणा गरेको छ। स्वदेशी वस्तुको उत्पादन र उपभोग वृद्धिका लागि 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई सहयोग पुऱ्याइने भएको छ। यी नेपाल उद्योग परिसंघ र नेपाल उद्योग वाणिज्य महासंघले अगाडि बढाएका अभियान हुन्।

● नयाँ हिमाल आरोहण खुला गरिने

सरकारले नयाँ हिमाल आरोहणका लागि खुला गर्ने घोषणा गरेको छ। यस्तै, हिमाल आरोही तथा पदयात्री पर्यटकको सुरक्षा र आकस्मिक उद्धारको भरपर्दो व्यवस्था गरिने भएको छ। साहसिक पर्यटनका नयाँ विधाहरूको प्रवर्द्धन गर्नुका साथै चलचित्र पर्यटनको विकास र विस्तार गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ।

■ बर्सातमा ५० र हिउँदमा ३० युनिट बिजुली निःशुल्क

हाल सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले मात्रै विद्युत् व्यापार गर्न पाउने कानुनी व्यवस्था भएकोमा अब निजी क्षेत्रलाई पनि विद्युत् व्यापार गर्न दिइने आगामी आवको नीति तथा कार्यक्रममा उल्लेख छ।

सरकारले पहिला पनि निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने नीति ल्याउन खोजे पनि पूर्णता पाउन नसकेपछि फेरि सरकारले नीति तथा कार्यक्रममार्फत नै यसलाई सम्बोधन गरेको हो। यस्तै, नदीको उपल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना निर्माणमा जोड दिने नीति पनि ल्याइएको छ। मध्य वा तल्लो तटीय क्षेत्रमा बन्ने जलाशययुक्त आयोजना बहुउद्देश्यीय बनाउने नीतिसमेत सरकारले ल्याएको छ। ठूला र जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने सरकारको नीति छ। यस्तै, जलाशययुक्त ठूला बहुउद्देश्यीय आयोजना तथा अन्य जलविद्युत् आयोजनाहरूमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने नीति पनि सरकारले ल्याएको छ।

बुढीगण्डकी जलविद्युत् आयोजना प्राथमिकताका साथ अघि बढाउने सरकारको घोषणा छ।

यस्तै, आगामी दुई वर्षभित्र सबैको घरमा विद्युत् पुऱ्याउने घोषणा पनि गरेको छ। अहिले विद्युत्को पहुँच साढे ९३ प्रतिशत रहेको छ। अबको दुई वर्षमा त्यो शतप्रतिशत पुऱ्याउने सरकारको नीति रहेको छ। यस्तै, विपन्नवर्गका ग्राहकलाई निःशुल्क विद्युतीय मिटर उपलब्ध गराउने तथा वर्षायाममा मासिक ५० युनिट र हिउँदयाममा मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्तालाई महसुल नलिने उल्लेख गरिएको छ। यसैगरी, खाना पकाउने ग्यासलाई क्रमशः विद्युत्बाट प्रतिस्थापन गरिने सरकारको नीति छ। यस्तै, देशभित्र उत्पादन भएको विद्युत्को आन्तरिक खपत वृद्धिका लागि प्रसारण र वितरण प्रणालीको सुदृढीकरण, विस्तार र नयाँ पूर्वाधारहरूको निर्माण गरिने बताइएको छ। साथै, विद्युत् निर्यात बढाउन अन्तरदेशीय विद्युत् प्रसारण लाइन एवं अन्य पूर्वाधारको विकास गरिने सरकारको भनाइ छ। ऊर्जा नीतिलाई समसामयिक बनाउने घोषणा पनि सरकारले गरेको छ। यसैगरी, देशका प्रमुख सहरहरूमा भूमिगत विद्युत् वितरण प्रणालीलाई विस्तार गरिने नीति पनि ल्याइएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०३/०८ गते दिनको ३:०० बजे सम्म

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बर्दिवासबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तारतामा गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरि आव्हान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा सम्बन्धित शाखा कार्यालय बर्दिवासमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु शाखा कार्यालय बर्दिवासमा ३६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, जमानीकर्ता समेतको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुने सूचना बिनाने समावेश गर्ने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।कुने कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम : प्रदिप कुमार महतो बाबुको नाम : उदगार महतो बाजेको नाम : सुरत महतो ठेगाना : मिथिला-४, धनुषा ना.प्र.नं. : १७-०१-७४-०१९०९, जारी मितिः २०७४/०२/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., धनुषा **कर्जा शिर्षक : हायर पर्चेज आवधिक कर्जा** **कर्जा लिएको शाखा : बर्दिवास शाखा**	**४) नाम : अकुला कुमारी महतो** बाबुको नाम : राम सेवक महतो पतिको नाम : दिनेश कुमार महतो ससुराको नाम : उदगार महतो ठेगाना : मिथिला-७, धनुषा ना.प्र.नं.: १७-०१-७५-१३७७४ जारी मिति २०७५/११/०७ जारी गर्ने कार्यालय : जि.प्र.का, धनुषा **५) नाम : निरज महतो** बाबुको नाम : उदगार महतो बाजेको नाम : सुरत महतो ठेगाना : ढल्केवर-२, धनुषा, हाल: मिथिला-४, धनुषा ना.प्र.नं. : १०९६/३८९, जारी मिति : २०६७/०४/१२ जारी गर्ने कार्यालय : जि.प्र.का, धनुषा
जमानीकर्ताको विवरण **१) नाम : उदगार महतो** बाबुको नामः सुरत महतो ठेगाना : ढल्केवर-२, धनुषा, हालः मिथिला -७, धनुषा ना.प्र.नं. : २५६६८९०८, जारी मिति :२०५३/०३/०४ जारी गर्ने कार्यालय : जि.प्र.का, धनुषा **२) नाम : फुल कुमारी देवी** बाबुको नामः अनुप महतो पतिको नामः उदगार महतो ससुराको नाम : सुरत महतो ठेगाना : ढल्केवर-२, धनुषा हाल : मिथिला नं.पा. वाड नं.४, धनुषा ना.प्र.नं. : १७३०९६/२७, जारी मिति : २०६३/१०/०२ जारी गर्ने कार्यालय : जि.प्र.का, धनुषा **३) नाम : दिनेश कुमार महतो** बाबुको नामः उदगार महतो बाजेको नामः सुरत महतो ठेगानाः ढल्केवर-२, धनुषा, हालः मिथिला-७, धनुषा ना.प्र.नं.: १७३०९६/१७, जारी मितिः २०६३/१०/०२ जारी गर्ने कार्यालय : जि.प्र.का, धनुषा	**सुरक्षणमा रहेको धितोको विवरणः** श्री सांग्रिला डेभलपमेन्ट बैंकको नाममा दर्ता कायम रहि ऋणी श्री प्रदिप कुमार महतो भएको निम्नानुसारको सवारी साधन-१ थान। **सवारी दर्ता नं. प्र२-०३-००१ख-०४१६** कम्पनीको नाम : VE कमर्सियल लि. मोडेल : PRO 1114 XP H HSD सवारीको नाम : Eicher Truck बनेको साल : 2019 सि.सि./हर्ष पावरः 3298 ईन्जिन नम्बर : E413CDKG295532 च्यासिस नम्बर : MC2G3HRCOKG169943 सवारीको रङ्ग : White सवारीको प्रयोग : भाडा

शर्तहरु :

१. बोलपत्र फाराम यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०४२-९३०७४०१०५०१०१ को "SDBL- Other non-operating Income" मा रु.५००।-(अक्षेरुपी पाँच सय मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुने पनि शाखा कार्यालयमा यस बैंकको खाता नं. ०४२-९२०६५०१०७०५०१ को "SDBL- Auction Deposit (Lilami)" मा जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संग्लन गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय बर्दिवास वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. बोलपत्र फाराममा कर्जा शीर्षक र क्र.सं अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
५. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय बर्दिवासमा सम्पर्क राखी जे-जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई चल/अचल सम्पत्ति आफ्नो नाँउमा नामसारी गरिलिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
७. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुन टुन्नो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
८. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा यस डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनु पर्ने छैन।
१०. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ साथै सो मा कुनै व्याज समेत प्रदान गरिने छैन।
११. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
१२. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

इन्टरनेशनल हिमालय हस्पिटालिटि एण्ड होटल लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० जेष्ठ ६ गते)

यस कम्पनिको मिति २०८० साल जेष्ठ ५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाइएको छ।

सभा हुने मिति : २०८०/०२/२१
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय बसन्तपुर, काठमाडौं २३।
समय : दिउँसो १२:०० बजे

कम्पनीको बिशेष साधारण सभाको छलफलको बिषयसुची:

बिशेष प्रस्ताव :

१) यस कम्पनीले २०७९ साल पौष २७ गते गरेको प्रथम बार्षिक साधारण सभालाई बदर गरी कम्पनी रजिष्ट्रार कार्यालयलाइ सुचित गर्ने बारे।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड

भनिमण्डल, ललितपुर, फोन नं.०१४४६२८४४
Emai:hdhp@wlink.com.np, वेभ साईटः www.himaldolakhahydro.com

को

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला !!!

श्री हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको मिति २०८०/०१/२७ गतेसम्म तत्काल कायम शेयरधनीहरूको लागि १ कित्ता साधारण शेयर बराबर ०.७५ कित्ता शेयर (१:०.७५) को अनुपातमा रू.१००/– अंकित दरको १,२०,००,००० कित्ता हकप्रद साधारण शेयर यहि मिति २०८० जेष्ठ २२ गते सोमबारका दिन देखि निष्काशन तथा बिक्री खुल्ला गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अन्य विस्तृत जानकारीको लागि मिति २०८०/०२/०५ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गर्दछौं।

शेयर निष्काशन बन्द हुने मिति : २०८०/०३/१० गते (बैकिङ्ग समय पश्चात्)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100% Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
नयाँ बानेश्वर, काठमाडौं, फो नं. ९७७-०१-४७८१५८२, ५९७००६४ फ्याक्स: ९७७-०१-४७००५८३
Email: info@laxmicapital.com.np | URL: www.laxmicapital.com.np

मूल्य सूचि सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८०/०२/०६ गते देखी लागु हुने गरी निम्न बमोजिमको मूल्यमा बिक्री वितरण गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

दि नेपाल डिष्टिलरिज प्रा. लि.
बालाजु, काठमाडौं

क्र.सं.	ब्राण्डको नाम	मि.लि.	शक्ती UP	नेशनल डिष्ट्रिब्युटर्स मूल्य मू. अ. क. समेत	नेशनल डिष्ट्रिब्युटर्स कमिशन	डिष्ट्रिब्युटर्स मूल्य मू. अ. क. समेत	डिष्ट्रिब्युटर्स कमिशन	होलसेल मूल्य मू. अ. क. समेत	होलसेल कमिशन	खुद्रा विक्रेता मूल्य मू. अ. क. समेत	खुद्रा विक्रेता कमिशन	उपभोक्ता मूल्य मू. अ. क. समेत	
				प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति बोतल
१.	खुकुरी ह्वाईट रम	१८०	३०	२०,६१५।१२	७०७।४५	२१,३२२।५७	१,१८९।४२	२२,५११।९९	९००।४८	२३,४१२।४७	१,९३१।५३	२५,३४४।००	५२८।००

‘ए’ डिभिजन लिग

रोचक बन्दै उपाधि दौड

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल पुलिस क्लबविरुद्धको १-० को संघर्षपूर्ण जितसँगै चर्च ब्वाइज क्लबले सहिद स्मारक ‘ए’ डिभिजन लिगको शीर्ष स्थानमा स्पष्ट चार अंकको अग्रता लिएको छ। दशरथ रंगशालामा शुक्रबार वर्षाले प्रभावित बनेको खेलमा मिलन राईले पहिलो हाफको इन्जुरी समयमा गरेको एक मात्र गोल नै निर्णायक बनेको थियो। पहिलो हाफमा अत्यधिक वर्षा र चट्याङ पर्दा खेल केही समय रोकिएको थियो। चर्च ब्वाइजले पहिलो लेगमा पुलिसलाई २-१ ले हराएको थियो।

चर्च ब्वाइजले १९ खेलमा ३६ अंक जोडेको छ। दोस्रो स्थानको जावलाखेल युथ क्लबको भन्दा चार अंकले बढी हो। जावलाखेलको ३२ अंक छ। पुलिस १९ खेलमा ६ जित, चार बराबरी र नौ हारसहित २२ अंक जोडेर १२औँ स्थानमा यथावत् छ।

अर्को खेलमा हिमालयन शेर्पाले अर्को एपिएफलाई ३-२ ले पराजित गरेको छ। त्रिभुवन आर्मी र पुछारको खुमलटार युथ क्लबले २-२ गोलको बराबरी खेले। लिगमा उपाधि दाबेदार मानेको मनाङ मर्स्याङ्दी क्लब लगातार पाँच ङ् खेल्दै आठौँ स्थानमा छ। मनाडले २३ अंक जोडेको छ।



■ चर्च ब्वाइज युनाइटेड

खेल १९, अंक ३६

नवप्रवेशी चर्च ब्वाइज चार अंकको अग्रताका साथ उपाधि दौडमा अगाडि छ। चर्च ब्वाइजले जावलाखेल र साबिक विजेता मच्छिन्द्र फुटबल क्लबलाई पछाडि पारेको छ। ‘बी’ डिभिजन च्याम्पियन हुँदै पहिलोपटक माथिल्लो डिभिजन लिग खेलेको चर्च ब्वाइजले १० खेलमा जित, ६ बराबरी र तीन खेल गुमाएको छ। चालू लिगमा चर्च ब्वाइजले विपक्षी पोस्टमा २४ गोल गरेको छ। आफूविरुद्ध यस क्लबले १२ गोल व्यहोरेको छ। नेपाली राष्ट्रिय टोलीका स्ट्राइकरद्वय अञ्जन विष्ट, आशिष चौधरी, मिडफिल्डर एरिक विष्ट र रक्षक अनन्त तामाङ तथा कमल श्रेष्ठ रहँदा चर्च ब्वाइज बलियो देखिन्छ। पहिलो संस्करणमै उपाधि जित्ने योजनामा रहेको चर्चको टेक्निकल क्षेत्रमा बालगोपाल महर्जन छन्। चर्च ब्वाइजलाई विदेशी खेलाडीले राम्रो साथ दिएका छन्।

■ जावलाखेल युथ क्लब

खेल १९, अंक ३२

लिग सुरु हुँदा कमैले सोचेका थिए, जावलाखेल युथले यस्तो प्रदर्शन गर्छ भनी। धेरैले जावलाखेललाई मध्यमस्तरको टोली मानेका थिए। जावलाखेलले सानदार प्रदर्शन जारी नै छ। १९औँ चरण खेलसम्म आइपुग्दा जावलाखेल दोस्रो स्थानमा छ। नौ जित, पाँच बराबर र पाँच हारपछि जावलाखेलले ३२ अंक जोडेको छ। विपक्षी पोस्टमा ३५ गोल गर्दा २४ गोल व्यहोरेको छ। लिगमा उच्च गोल गर्ने जावलाखेल पहिलो टोली हो। लिगको १४औँ चरणसम्म जावलाखेल शीर्ष स्थानमा रह्यो। त्यसक्रममा सात जित, तीन बराबर र चार हार व्यहोरेको थियो। त्यसपछि चर्च ब्वाइजले शीर्षस्थानमा पकड बनाएको छ। रक्षक आदित्य चौधरी राष्ट्रिय टोलीबाट प्रतिनिधित्व गर्ने एक्ला खेलाडी हुन्। नेपाली युवा र विदेशी खेलाडीको प्रभावसँगै जावलाखेलले सानदार प्रदर्शन गर्दै आएको छ। जावलाखेलका अफ्रिकन खेलाडी एनकोटो मासोआबीले १३ गोल गरेका छन्।

> साबिक विजेता मच्छिन्द्रसँगै जावलाखेलले नवप्रवेशी चर्च ब्वाइज युनाइटेडलाई शीर्ष स्थानमा पछ्याइरहेका छन्

■ मच्छिन्द्र क्लब

खेल १९, अंक ३१

साबिक दुईपटकको च्याम्पियन मच्छिन्द्र फुटबल क्लब यसपटक लिग उपाधिमा ह्यात्ट्रिक गर्ने योजनामा छ। टोलीका मुख्य खेलाडी विदेश पलायन र घाइते हुँदा मच्छिन्द्रले उपाधि रक्षा गर्न संघर्ष गरिरहेको छ। टोली १९ खेल खेल्दा ३१ अंकसहित तेस्रो स्थानमा छ। शीर्ष स्थानको चर्च ब्वाइजभन्दा पाँच अंकले मच्छिन्द्र पछाडि छ।

मच्छिन्द्रले आठ जित, सात बराबरी र चार खेलमा हार व्यहोरेको छ। विपक्षी पोस्टमा २८ गोल गर्दा २० गोल व्यहोरेको छ। १५ खेल खेलेका नाइजेरियन खेलाडी आफिज ओलावाले ओलादिपोले १४ गोल गर्दै उच्च गोलकर्ताको शीर्षस्थानमा छन्। आफिज मच्छिन्द्रको अग्रपंक्तिमा छाइरहँदा भुटानिज चेन्चो ग्याल्त्सेन ६ खेलमै घाइते भए। नेपाली स्ट्राइकर विमल घर्तीमगर घाइते हुँदा स्वाभाविक लयमा छैनन्। प्रवेश कटवाल प्रशिक्षकबाट हटेपछि किशोरकुमार केसी मच्छिन्द्रलाई ह्यात्ट्रिक उपाधि जिताउने दाउमा छन्।

■ थ्री स्टार क्लब

खेल १८, अंक २६

लिग सुरु हुन एक हप्ताअघिसम्म थ्री स्टारले लिगको तयारी नै गरेको थिएन। तर, थ्री स्टारले दमदार प्रस्तुति गऱ्यो। मेघराज केसीले प्रशिक्षक जिम्मेवारी लिनुअघिसम्म उनी पनि थ्री स्टार नाजुक अवस्थामा रहेको बुझेका थिए। तर, उनले आफ्नो रणनीतिअनुसार खेलाडी अनुबन्ध गर्न लगाए। जसका कारण थ्री स्टार कुनै पनि समय रेलिगेसन क्षेत्रमा परेन।

अनुभवी र युवा खेलाडीबाट थ्री स्टारले दिन-प्रतिदिन उत्कृष्ट प्रदर्शन गरिरह्यो। अहिले थ्री स्टार चौथो स्थानमा छ। थ्री स्टारले १८ खेलमा २६ अंक बनाएको छ। ६ खेल जित, आठ बराबर र चार खेलमा मात्रै हारेको छ। १६ गोल गर्दा १२ गोल व्यहोऱ्यो। टोलीमा विक्रम लामा, विराज महर्जनजस्ता अनुभवी खेलाडी छन्। लाकेन लिम्बू, आदित्य शाक्य, दीपेश गुरुङ, योगेश गुरुङ, महेन्द्र कार्कीजस्ता खेलाडीले प्रभाव जमाएका छन्।

■ त्रिभुवन आर्मी क्लब

खेल १९, अंक २६

शीर्ष डिभिजन लिगमा त्रिभुवन आर्मी क्लब सधैँ उपाधि दाबेदार रहने गर्छ। तर, अन्तिम समयमा पुग्दा टोली सधैँ अभागी बन्छ। गत दुवै सिजन यस्तै भयो। मच्छिन्द्र विजेता बन्दा आर्मी उपविजेता भयो। यसपटक क्लबले उपाधि जित्ने योजना नै बनाएको छ। खेलाडी विदेश पलायन र घाइते हुँदा आर्मीलाई समस्या छ। आर्मीले विदेशी खेलाडी अनुबन्ध गरेको छैन। नेपाली खेलाडीलाई अवसर दिने भएपछि आर्मी विदेशी खेलाडी अनुबन्धबाट टाढा रह्यो। १९ खेल खेल्दा आर्मीको २६ अंक छ। प्रशिक्षक नवीन न्यौपानेको चाहना विदेशी खेलाडीको साथमा च्याम्पियन हुनु हो। तर, क्लबले यसलाई स्वीकार गरेन।

रितिम र आस्मालाई स्वर्ण

काठमाडौं/ गार्गी एकेडेमी बुटवलका रितिम गुरुङ र आदर्श विद्या मन्दिर (एभिएम)की आस्मा पहारीले नवौँ सोफेस राष्ट्रिय अन्तरविद्यालय टेबलटेनिस प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन्। पुरुष एकलमा रितिम तथा महिलामा आस्मा पहिलो भएका हुन्। प्रतियोगिताको पुरुष एकल फाइनलमा रितिमले दरबार हाई स्कुलका शंकर पहारीलाई ११-९, ११-८ र १३-११ को सोझो सेटमा पराजित गरे। मोर्डन इन्डियन स्कुल (एमआइएस)का विशाल थापा तथा एभरेस्टका आर्यन शाही तेस्रो भए।

महिला एकलको उपाधि भिडन्तमा आस्माले सेन्ट मेरिजकी सुरम्या शाक्यलाई सीधा सेट ११-६, ११-६ र ११-८ ले हराइन्। एभिएमकी अर्सना महर्जन तथा न्यु सुम्निमाकी अंकिता बज्राचार्य संयुक्त रूपमा तेस्रो भए। पुरुष र महिलातर्फका च्याम्पियनले समान १५ हजार र उपविजेताले सात हजार रुपैयाँ पाएका छन्।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष टिम इभेन्ट फाइनलमा गार्गी पहिलो भयो। गार्गीले फाइनलमा भासरा माविलाई ३-१ ले पाखा लगायो। एमआइएस र न्यु होराइजन तेस्रो बने। महिला स्पर्धाको फाइनलमा एभिएमले प्रभातलाई ३-० ले पछ्याउँदै पहिलो स्थान हात पाऱ्यो।

तनहुँले सिइसीलाई ६ विकेटले हरायो

कास्की/ राइजिङ पोखरा र तनहुँको पेलिकेन्स क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट प्रतियोगितामा शुक्रबार समूह ‘बी’मा जित निकालेका छन्। तनहुँले पल्सर सिइसीलाई ६ विकेटले हरायो। पहिलो ब्याटिङ गरेको सिइसीले २० ओभरमा ६ विकेट गुमाएर ८३ रन बनाएको थियो। सिइसीका विराट भण्डारीले सर्वाधिक २५ रन बनाए। यसैगरी, कौशल रूपाखेतीले १६ रन तथा सिद्धान्तसिंह थापाले १३ रन जोडे।

प्रत्युत्तरमा तनहुँले १४.५ ओभरमा चार विकेटको क्षतिमा जित निकाल्यो। तनहुँका प्रतीक श्रेष्ठले अभिजित २८ रन र क्रिस कार्कीले नटआउट २७ रन बनाए। सिइसीको बलिङमा सुवास खत्रीले तीन विकेट लिए। अर्को खेलमा राइजिङ पोखराले सांग्रिला क्रिकेट क्लबमाथि ३४ रनको जित निकाल्यो। पहिला ब्याटिङ गरेको राइजिङले २० ओभरमा सात विकेट गुमाउँदै एक सय ५६ रन बनाएको थियो।

सांग्रिलाले २० ओभर खेलेर नौ विकेटको क्षतिमा एक सय २३ रन मात्रै बनाउन सक्यो। सांग्रिलालाई रोक्ने क्रममा राइजिङका बलरद्वय अमृत गुरुङ र धीरज शाही ठकुरीले समान चार विकेट लिए। म्यान अफ दी म्याचसमेत भएका राइजिङ पोखराका अमृतले ब्याटिङमा ३४ रन जोडेका थिए। यसैगरी, करण केसीले २८ रन र किरण पौडेलले २७ रन जोडे। सांग्रिलाका सिब्रिन श्रेष्ठले ३६ रन र शरद भेसवाकरले १५ रन बनाएका थिए। खेलमा सांग्रिलाका विपिन खत्री र शरद भेसवाकरले समान चार विकेट हात पारे। यस समूहका चारै टोलीले समान दुई अंक जोड्दै सेमिफाइनलको आशा जीवितै राखेका छन्।



प्रभु लाइफ इन्स्योरेन्स लि.

कमलादी, काठमाडौं

पाँचौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावज्यूहरु,

मिति २०८०/०२/०३ मा बसेको सञ्चालक समितिको १४१ औं बैठकको निर्णयानुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रितपूर्वकको प्रतिनिधि मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८०/०२/२६ गते, शुक्रवार
स्थान : लैनचौर ब्याङक्वेट, लैनचौर, काठमाडौं।
समय : बिहान ११:०० बजे।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव :

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने।
३. कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा (हालका लेखापरीक्षक श्री पि.जे.पि.एन.एण्ड कम्पनी पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ)।
४. कम्पनीको नियमावली अनुसार समूह “क” का संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद (चार) को निर्वाचन गर्ने।

(ख) विशेष प्रस्ताव:

१. आ.व.२०७७/७८ को संचित मुनाफाबाट हाल कायम रहेको चुक्ता पुँजीको ९.८ प्रतिशतका दरले हुन आउने रकम बराबरको बोनस शेयर वितरण गर्ने तथा सो बापतको हुन आउने कर प्रयोजनको निमित्त ०.५१५८ प्रतिशत को नगद लाभांश पारित गर्ने।
२. बोनस शेयर वितरण पश्चात कायमहुने जारी पुँजी तथा चुक्ता पुँजी बराबर जारी पुँजी तथा चुक्ता पुँजी बृद्धी गर्ने तथा सोही अनुसार प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
३. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने सम्बन्धि प्रस्ताव पारित गर्ने।
४. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पश्चात बन्ने जीवन बीमा व्यवसाय गर्ने कम्पनीको नाम नेपालीमा “प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड” तथा अंग्रेजीमा "Prabhu Mahalaxmi Life Insurance Limited" कायम गरी सो नामबाट जीवन बीमा व्यवसाय गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने।
५. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने प्रयोजनका लागि मूल्याङ्कनकर्ता एन.बि.एस.एम एण्ड एसोसियट्स (N.B.S.M. & Associates) चार्टर्ड एकाउण्टेण्ट्सद्वारा तयार गरिएको महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड तथा प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर अनुपात १:१ कायम गर्ने गरि गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गर्ने। साथै मूल्याङ्कनकर्ता एन.बि.एस.एम एण्ड एसोसियट्स (N.B.S.M. & Associates) चार्टर्ड एकाउण्टेण्ट्स लाई पूर्व सम्झौता बमोजीम उपलब्ध गराएको पारिश्रमीक लाई अनुमोदन गर्ने।
६. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौता पत्र (Scheme of Arrangement), सहमति पत्र (Memorandum of Understanding) तथा अन्य भए गरेका सम्झौताहरूको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने।
७. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड बीच गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायमा निवेदन दिने र गाभ्ने/गाभिने कार्य संग सम्बन्धित प्रचलित कानून, निर्देशनहरू बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरू एवं प्रक्रियाहरू पुरा गरि अन्तिम स्वीकृति लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरूबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरू तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, गाभ्ने/गाभिने कार्य सम्बन्धमा गर्नु पर्ने सम्पुर्ण कार्यहरू गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
८. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस कम्पनीको तर्फबाट प्रतिनिधिहरू तोक्ने अधिकार सञ्चालक समितिलाई दिने तथा गाभिए पछि बन्ने कम्पनी प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिका सदस्य भई आउनु हुने सञ्चालकलाई पदस्थापन एवं अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव पारित गर्ने।
९. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडको साबिक सञ्चालक समितिका सदस्यहरूको कार्यकाल जति सुकै बाँकी रहेको भएता पनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साबिक दुवै कम्पनीबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात विद्यमान सञ्चालकहरूको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल समेत गाभिएपछि बन्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने प्रस्ताव पारित गर्ने।
१०. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पछि कम्पनीको केन्द्रिय कार्यालय, कमलादी, काठमाण्डौमा रहने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने।
११. प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड तथा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड एक आपसमा गाभिए पश्चात कम्पनीको नाम, अधिकृत पुँजी, जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि गर्ने प्रस्ताव पारित गर्ने।
१२. प्रबन्धपत्र तथा नियमावलीमा गर्नु पर्ने उपरोक्त संशोधनहरूमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने।
१३. सञ्चालक समितिको निर्णयहरु अनुमोदन गर्ने।
१४. कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजीम आ.व.२०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत भएको खर्चको अनुमोदन गर्ने।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०८०/०२/२४ गते बुधवार भित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौमा दर्ता गराई सक्नु पर्नेछ।
२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्ध हुनेछ।
३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ। त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गर्नुपर्नेछ।
५. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ।
६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि खुला रहनेछ।
७. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको कमलादीस्थित प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ। वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.prabhulife.com मा समेत उपलब्ध हुने व्यहोरा सूचित गराइन्छ।
८. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा शेयर प्रमाणपत्र लिई आउनु हुन अनुरोध गरिन्छ। शेयर अभौतिकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा DEMAT खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।
९. उल्लेखित साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम २०८० साल जेठ महिना १२ गते शुक्रवार (२६ मे, २०२३) का दिन बन्द रहनेछ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा २०८० जेठ ११ गते बिहीवारसम्म कारोवार भई शेयरधनी किताबमा कायम शेयरधनीहरु सभामा भाग लिन योग्य हुनेछन्।
१०. सञ्चालक निर्वाचन सम्बन्धी जानकारी यस कम्पनीको प्रधान कार्यालय कमलादी स्थित निर्वाचन अधिकृतको कार्यालयको सूचनापाटी र यस कम्पनीको वेभसाइटमा समेत उपलब्ध हुनेछ।
११. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

प्रभु लाइफ इन्स्योरेन्स लि.
प्रधान कार्यालय : कमलादी, गणेशस्थान, काठमाडौं
फोन नं.: ४३४२०१२, ४३२६८५६, ४३६२२२३
ई-मेल:info@prabhulife.com

नेपाल हस्पिटालिटि एण्ड होटल लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८० जेष्ठ ६ गते)

यस कम्पनिको मिति २०८० साल जेष्ठ ५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रयोजनार्थ सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना पठाइएको छ।

सभा हुने मिति : २०८०/०२/२१
स्थान : कम्पनिको रजिस्टर्ड कार्यालय बसन्तपुर, काठमाडौं २३।
समय : बिहान १०:०० बजे

कम्पनीको विशेष साधारण सभाको छलफलको विषयसुची:

बिशेष प्रस्ताव :

१) यस कम्पनीले २०७९ साल पौष २७ गते गरेको प्रथम बार्षिक साधारण सभालाई बदर गरी कम्पनी रजिष्ट्रार कार्यालयलाइ सुचित गर्ने बारे।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com